'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

त्रैमासिक

# अर्हत

वर्ष ३, अंक २, पूर्णांक ९ | बुद्ध सम्वत् २५५७ | ने.सं. ११३३ गुँलाथ्व जनै पूर्णिमा | वि.सं. २०७० भदौ ५



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ॥

*श्री महामञ्जुश्री गुरु गुठी संस्थानको गोजी पात्रोबाट साभार*

# अर्हत

त्रैमासिक

वर्ष ३ | अङ्क २ | बुलेटिन ९ | नेसं ११३३ गुंलाथ्व जनै पूर्णिमा

शक सं. १९३४ | २०७० भाद्र ५ | बुद्ध सं. २५५७

<u>सल्लाहकार</u>

रत्नसुन्दर शाक्य

जुनु बासुकला रंजितकार

चन्द्रबहादुर उलक

<u>सम्पादक</u>

उद्धव सुजखु

<u>प्रकाशक</u>

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

<u>बजार व्यवस्थापन तथा वितरण</u>

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

<u>कम्प्युटर</u>

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

<u>मुद्रण</u>

सिद्धिगणेश अफसेट प्रेस

इनाचो भक्तपुर

फोन - ६६१४७९३

सहयोग रु. ३०।-


# प्रकाशकीय

महामानव गौतम बुद्धको जन्मभूमिमा बुद्धकै प्रतिमा स्थापना गर्ने विषयलाई लिएर विरोध ऱ्याली गर्नुपर्ने स्थिति देखापर्दा नेपाल र नेपाली जनताको लागि शिर निहुऱ्याउनुपर्ने अवस्था सृजना भयो ।

आज बुद्धको विषयमा खिचलो भएजस्तै भोलि अर्के प्रतिमाको विषयमा खिचलो होला । यसरी कलह सृजना भएमा धार्मिक साम्प्रदायिकता नफैलिएला भन्न सकिन्न । यसको मीठो फल विश्वको सम्पूर्ण क्षेत्र आफ्नो प्रभुत्वमा राख्न चाहने गलत तत्वले चाख्नेछन् । धार्मिक तथा जातीय दंगा भएमा ती तत्वहरूले सन्तोषको सास फेर्नेछन् । यस विषयमा नेपाली जनता सचेत हुनैपर्दछ । जहाँसम्म सुर्खेत जिल्लाको काँक्रे विहारको कुरा छ- त्यो विहार भग्नावशेषमा परिणत भएको सयौं वर्ष भइसकेको छ । हालसम्म पनि त्यस विहार जिर्णोद्धार भएको छैन । नेपाल सरकारले त्यस ऐतिहासिक तथा पुरातात्त्विक क्षेत्रलाई जिर्णोद्धार गरी इतिहासलाई जीवन्त बनाउनुपर्दछ ।

काँक्रे विहारलाई बौद्ध विहार हिन्दू मन्दिर वा मस्जिद जसले जे भनिए तापनि पुरातत्त्व विभागले यसको तथ्य 'इतिहास पत्ता लगाई जिर्णोद्धार गर्नु बुद्धिमानी हुनेछ । कुनै पनि सम्प्रदायले यो वा त्यो मूर्ति स्थापना गर्नुपर्दछ भनी जोरजुलम गर्नु नेपाल र नेपाली जनताको लागि हित होला र ? यस विषयमा सम्बन्धित निकायको ध्यान जाओस् । अस्तु ।

---

**आवरण तस्वीर : भक्तपुर क्वाछेंस्थित निर्वाण प्राप्त बुद्ध मूर्ति**

*तस्वीर सौजन्य : चन्दन कोजू*



# Panchadana (Panjran) :

## The only festival of the Buddhists

Prof. SUWARNA SAKYA, Ombahal, Kathmandu

Kathmandu Valley, traditionally known as Nepal Mandala is full of religious lore which describes the greatness of generosity. It is customary for the Buddhist of Newar community to offer *Panchadana*. *Panchadana* is called *Panjran* in Newari language. *Panchadana* is offered in commemoration of past Buddhas including *Deepankara* Buddha who enlightened the World by overcoming human defilements like *raga* (passion for worldly pleasures), *dwesha* (hatred), *moha* (attachment), *klesha* (anguish) and *trishna* (strong desire for something). The entire period of time beginning from the origin of creation to its end in distant future has been divided into four Ages or epochs as per the ever changing nature of the world. The four ages are: *Satyayuga* or the Golden Age, *Tretayuga* or the Silver Age, *Dwaparyuga* or the Third Age and *Kaliyuga* or the Fourth Age - also known as the Iron Age. *Satyayuga*, as it is supposed, is the period during which the truth pervades in the world. *Tretayuga* is the period during which the pervasiveness of the truth is less than that of *Satayuga*. *Dwaparyuga* is the period during which pervasiveness of the truth further deteriorates. *Kaliyuga* is the period during which the truth is extremely rare. The four different ages are represented by four different days in a year. Likewise, 24 hours in a day and night are divided into 4 parts. Each part is treated as the symbol of each Age or epoch. For example: the midnight of the ninth day of the bright half of the month of *Kartika* is known as *Yugadi* or *Jugadi Nawami* and it represents *Satyayuga*. The midday of the full moon day of the month of *Magha* represents *Tretayuga* and is known as *Sipunhi*. Similarly, the evening of the third day of the bright half of the month of *Vaishakha* represents *Dwaparayuga* and is known as *Akshaya Tritiya*. The morning of the thirteenth day of the dark half of the month of *Shrawana* represents the beginning of *Kaliyuga* and is known as *Panchadana*. However, *Panchadana* usually falls on the dark half of the month of *Bhadra*. The day of *Panchadana* is symbolic of the beginning of *Kaliyuga*. In this regard the religious texts say :

*Kartikashuklanavamyam cha ardharatrau Satyayugah,*

*Maghepoornepi Madhyanhe tretanamayugodayah.*

*Vaishakhashuklasandhyayam dwaparancha triteeyake,*

*Shravanakrishnapoorvanhe trayodasyam Kaliyugah.*

*Gunla* or the ninth month of Nepal Era is regarded as the month for everyone to make a resolution to do something good for well being of all. Scriptures say that if one offers *Panchadana* in the month of *Gunla*, he or she will be blessed with (1) Long Life, (2) fame, (3) wisdom, (4) happiness (5) freedom from diseases (6) wealth and (7) children.

The Sanskrit verse in this regard is as follows:

*Ayurvriddhiryashovriddhirvriddhiprajna sukham tatha.*

*Arogyadhanasantanah santu te saptavriddhayah.*

To know about the origin of the tradition of Panchadana, the Buddhist mythologies like

*Mahavastu, Avadana, Sugatavadana, Kapisavadana* and *Pindapatravadana* etc. are worthy of mention. According to these Buddhist mythologies, the tradition of *Panchadana* has come down from the time of past Buddhas, the time earlier that shakya Simha Buddha's period. About the origin of the tradition of *Panchadana*, the Buddhist mythologies say that being aware of the greatness of generosity as narrated by *Sarvajnamitra*, *King Ratnaketu (Ratnamukuta)* offered *Panchadana*. Likewise, it is also mentioned in the mythologies that the king of *Deepavati Nagara* offered *Panchadana* to *Deepankara* Buddha and other Buddhas. It is also mentioned that *Krakuchchhanda* Buddha and his order also had accepted *Panchadana*. The Buddhist culture of Nepal is deeply influenced by Mahayani School of Buddhism. So, the tradition of offering religious gifts is also described in line with the teachings of Mahayani school of Buddhism. It is believed that the devotee who lays out the welcome mat of cloth for the *Tathagata* and his order, and offers religious gifts will be blessed with happiness and will become the king. This is nothing more than the way of thinking in line with the Mahayani tradition. Here is a verse that people recite while offering *Panchadana*:

*Bhoomau dukoolasukumaravichitrapattaih,*

*Santarayetsugatasanghparikramaya,*

*Yenapyate vipulabhogamahanidhanam,*

*Tenavanee patirabhoochchabhavet sa tasya.*

It is Mahayani tradition to put on tika on forehead when an act of worship is performed. It is said that if one honours the Buddhist order with tika made of sandalwood and saffron, and offers Panchadana, one will be born to high caste family in his or her next life. The verse goes like this:

*Shreekhandakumkumasushobhitachandanani,*

*Kurvanti te satitakani sa buddhasanghe,*

*Yah prapnuvanti jagateem tilakopamatvam,*

*Saundaryroopamridu divya vishalavamshah.*

To offer *Panchadana* means to provide commodities of everyday needs which include not only food and clothes but also medicines. Medicinal herbs like amala and harro, bananas, mangoes, jackfruits and radishes etc. are offered at *Panchadana*, for these fruits have medicinal properties. The following verse contains the name of these fruits:

*Dhatree haritakeerambha chootachampanasadikam,*

*Skandamooladikam daanam yethepsita phalam labhe.*

In the past, the *Tathagatas* relieved disasters caused by water, epidemic and evil spirit on many occasions. The tradition of offering *Panchadana* was started to express gratitude to the Tathagatas for their compassion. The religious tradition of *Panchadana* is still in practice in the Newar Buddhist community. This tradition highlights the significance of the act of giving religious gifts with selfless and impartial motive. No other country has a custom of making religious offering to virtuous people. On the day of *Panchadana* Buddhist Vihars and the houses of the devotees, especially the Shakyas and the Vajracharyas, are decorated attractively and the images of Deepankar Buddha and other Bodhisatvas are put on display. Then, *Panchadana* is offered to the Shakyas and the Vajracharyas. These are the people who have once been the Bhikshus and taken refuge in the Buddha, the Dharma and the Sangha, hence the followers of the Buddha. Customarily, the Shakya and Vajracharya people carry *Kotah* (a ceremonial tray) when they go out to beg for *Panchadana*, *Kotah* is symbolic of *Pindapatra*-the alms-bowl as carried by the Buddha. Nowadays they have stopped carrying *Kotah* and have started carrying simply a sack made of cloth. On the day of *Panchadana* the images of *Deepankara* Buddha are taken out in procession through the traditional route in Bhaktapur. In Patan (Lalitpur), *Panchadana* is observed on the eighth day

of the bright half of the month of *Shrawana*. *Yalapanchadana* (*Panchadana* observed in Patan) is said to be symbolic of dawn of *Kaliyuga*).

Devotees, along with their family members, observe *Panchadana* festival in grand style and strictly in line with time honoured tradition. They bring the image of the Buddha from Swayambhu to their house and put on display on the wooden pavilion (known as danashala) made and decorated specially for this very purpose. Then, *Panchadana* is offered to the Shakyas and Vajracharyas. In conclusion of *Panchadana*, an image of *Deepankara* Buddha is consecrated. Every family that has held *Panchadana* in grand manner possesses an image of the *Tathagata*. The images thus consecrated is known as *Panjrandyah*. Even today one can see people sitting on planks of wood in *sattala* (public rest houses) and open space and offering *Panchadana* to the passing by Shakyas and Vajracharyas in Kathmandu, Bhaktapur and Lalitpur. One can see planks of wood placed in the open space near Simha Sattala at Maru Tole in Kathmandu. They stand only as the reli of ancient *danashala*, which are now no longer in existence.

It is said that the tradition of giving religious gifts to the Buddhist order has been in practice since the time of Siddhartha Gautam Buddha. At that time it was very difficult for the Bhikshus to go out to beg for food in the rainy season. So, the devotees would invite the Bhikshus to their home and offer a meal. Later this practice of giving meal to Bhikshus, as people believe, developed into the tradition of *Panchadana*. In the past. Bhikshus used to go out from place to place in the city or the village to beg for a meal. Devotees would be standing in the street to offer a meal to the passing by Bhikshus. To give religious gifts to Buddhist monks is a sign of public participation in Buddhism. The observance of *Panchadana* undoubtedly deserves to be followed by the entire Buddhist world. *Panchadana* is a living tradition of Buddhist culture. On this occastion, The devotees from Shakya and Vjaracahrya caste go to *Swayambhu* early in the morning and offer worship. Images of the Buddha and other gods are put on display in the decorated room of their house. Buddhist art and culture is thus displayed on this occasion. The devotees from other castes go to the houses of the Shakyas and the Vajracharyas, and put their offerings infront of the images of the Buddha. The host entertains the visitors with rice pudding. In Newar Buddhist community, many devotees have set up a religious trust known as *Panchadana Guthi* so that *Panchadana* can be held without and interruption. Even the people from shrestha caste have such a religious trust.

History says that Lichchhavi king Vrishadeva and Malla king Shreenisvasa Malla made many arrangements in their reign to strengthen the tratdition of making religious offering. It is natural for the kings to make religious offering but in those days even the kings were offered religious gifts. There are many anomalies in today's society. Selfish people do not show any concern for Society. But generous people at least do not nob others. So, generosity is always great. But it is unfortunate that nowadays people seem to be following superstition and anomalies instead of good virtues of religious traditions. One day of the anomalies is that on the day of *Panchadana* guest are entertained with wine. On the day of *Panchadana* we can see tipsy devotees staggering in the street with their forehead full of tika and begging bag on their shoulder. Thus they make themselves an object of ridicule. People make fun of them by saying, 'See ! The *Tathagata* has alighted !' If the Buddhists make attempts to eliminate such anomalies, the ideology of *Panchadana* will certainly help prosper the country with peace, happiness and good health. *Panchadana* is not a festival of any particular set alone. It is an example of the Buddhist nature.

❖❖❖

# बुद्धधर्ममा युवावर्गको दायित्व



✍ भिक्षु अश्वघोष

बुद्धधर्ममा युवा वर्गको भूमिकाबारे चर्चा गर्नु अगाडि बुद्धधर्म के हो र कस्तो प्रकारको गतिविधिलाई बुद्ध धर्म भनिन्छ भन्नेतिर एकपल्ट अध्ययन र चर्चा गरौं ।

बुद्धको शिक्षा (बुद्धधर्म) लाई धेरैले आ-आफ्नो दृष्टिअनुसार अँगालिरहेको देखिन्छ । जस्तै :-

१) दार्शनिकहरुले बुद्धको शिक्षा (बुद्धधर्म) लाई मुक्तिमार्ग अर्थात् निर्वाणतिर मात्र लैजाने धर्म भनी स्वीकारेका छन् । आत्मा, अनात्मा र पुनर्जन्म शब्दतिर धेरै रुचि र ध्यान दिन्छन् ।

२) बूढापाका श्रद्धावान्हरुले बुद्धधर्मलाई अनुसरण गरेर, दान धर्म गरेर मरिसकेपछि स्वर्ग पुगिन्छ भनी ठान्दछन् ।

३) अधिकांशत: युवावर्गको दृष्टिअनुसार बुद्धधर्म अन्धविश्वास र कर्मकाण्डबाट मुक्त हुने शिक्षा मानिन्छ र पुनर्जन्मलाई पनि बुद्धधर्ममा स्थान छैन भन्ने उनीहरुको धारणा छ ।

बौद्ध साहित्यअनुसार उपर्युक्त तिनै विचारधारालाई गलत भन्न मिल्दैन । बरु ठीकै छ भन्नु जाति होला तर जहाँसम्म मैले बुझेको बुद्धको शिक्षाअनुसार बुद्धधर्मको मूल लक्ष्य निर्वाणलाभ गर्नु र अन्धविश्वासबाट मुक्ति हुनु मात्र होइन, अपितु मानिसलाई सदाचारी र सेवामूलक बनाउनु नै बुद्धधर्मको लक्ष्य हो । अर्को अर्थमा भनूँ भने मानवलाई शुद्ध मानव बनाउने धर्म हो । बलियोले निर्बललाई शोषण गर्नु दु:ख कष्ट दिनु बुद्धधर्म होइन ।

बुद्धको शिक्षामा शील (सदाचार), समाधि (चित्त चञ्चल नहुनु अर्थात् मनको वशमा नजानु) र प्रज्ञा (सबै ठाउँमा उचित र अनुचित ज्ञान हुनु अथवा विवेकबुद्धि हुनु) विद्यमान छ । यी गुणहरु सबै मानवमा हुनु आवश्यक छ । शीलमा नैतिकताको कुरो छ त्यसैले चरित्र राम्रो पार्नुपर्छ । यसलाई ब्रह्चर्य पनि भनिन्छ । बुद्ध धर्ममा ब्रह्मचर्यको भिन्नै अर्थ छ । आइमाईसित सम्बन्ध नराख्नुलाई मात्र ब्रह्मचर्य भनिँदैन । आइमाईको सम्पर्कबाट कोसौं टाढा रहे तापनि यदि कोही व्यक्ति ईर्ष्यालु, झगडालु, महत्वाकांक्षी, लोभी, छली र कपटी छ भने त्यो ब्रह्मचारी हुन सक्तैन । यस अर्थमा बुद्धधर्म अनुसार मन पवित्र हुनु वा चरित्र शुद्ध हुनुलाई नै ब्रह्मचर्य (उत्तम चर्या) भनिन्छ न कि आइमाईको सम्पर्कबाट मात्र टाढा हुनु । गौतम बुद्धले त विवाहित गृहस्थीलाई पनि ब्रह्मचारी भन्नुभएको छ, यदि उसको चरित्र शुद्ध छ र अरु आइमाईप्रति कुदृष्टि राख्दैन र बलात्कार गर्दैन । बुद्धधर्मअनुसार हृदय संकुचित हुनुहुँदैन । फूलजस्तै मन स्वच्छ र प्रफुल्लित हुनुपर्दछ । अनि त्यो ब्रह्मचारी हुन्छ । मन शुद्ध भए जस्तै कर्म र वचनरुपी व्यवहार राम्रो हुनु पनि ब्रह्मचर्यको एक लक्षण हो ।

बुद्धधर्मको मूल लक्ष्य निर्वाण लाभ गर्नु मात्र होइन । साधारण मानिसले विमुक्ति (निर्वाण) लाभ गर्नु असम्भव नभए पनि गाह्रो अवश्य छ । गौतम बुद्धले एकचोटि भन्नुभएको थियो- धनी र गरिबले निर्वाण लाभ गर्न सक्दैन । धनीलाई जति भए पनि पुग्दैन र तृष्णाले सताइराखेको हुन्छ । तृष्णा रहित नभई कहाँबाट निर्वाण पाउँछ ? धेरै गरिबलाई आधारभूत आवश्यक वस्तुको अभावमा उसको मनमा कहाँ शान्ति हुन्छ ? यो सत्य हो बुद्धधर्म दु:खबाट मुक्त हुनलाई हो, तर दार्शनिकहरुले सम्झिराखेको मरिसकेपछि पाउने स्वर्ग निर्वाण होइन । यो हिन्दूधर्मको मोक्ष जस्तो होइन । त्यस्तै धर्म कर्म गरेरमात्र स्वर्ग जान्छ भन्ने कुरा पनि बुद्धको शिक्षाअनुसार मिल्दैन ।

बुद्धधर्ममा अन्धविश्वास र कर्मकाण्डलाई कुनै प्रकारको स्थान छैन । हिन्दूकर्मकाण्डबाट बौद्ध युवावर्ग अवश्य टाढा रहनुपर्छ तर यी कुरालाई मात्र आधार मानेर बुद्धधर्म अँगालिरहनु अथवा बुद्धको शिक्षा प्रचारमा लाग्नु सही तरिका हुनेछैन, मतलव सफल हुनु गाह्रै पर्ला । (साम्यवादी देशमा पनि अन्धविश्वास हटाउन कठिन भइरहेको छ ।) मानौं कि कोही व्यक्ति अन्धविश्वास र कर्मकाण्डबाट मुक्त छ तर त्यो व्यक्तिको आचरण र व्यवहार राम्रो छैन, शोषक बनी अरुलाई दु:ख दिन्छ भने, स्वार्थी र रिसाहा छ भने, छली कपटी छ भने त्यो व्यक्ति सच्चा धर्मदूत, धर्म प्रचारक हुन सक्दैन । त्यस्तो व्यक्ति कदापि बुद्धको अनुयायी बन्न सक्दैन । यी कुराहरुमा भिक्षुवर्ग र बौद्ध संघ संस्थाका कार्यकर्ताहरुले पनि ध्यान दिनु योग्य छ, मनन गर्नु योग्य छ ।

जहाँसम्म मलाई लाग्छ, जो कोही व्यक्ति अन्धविश्वास र कर्मकाण्डबाट मुक्त नभए तापनि अरुलाई दु:ख हुने काम गर्दैन भने, अरुको चरित्र हनन हुने काम कुरामाथि विचार गर्दैन भने त्यो बुद्धको अनुयायी र मानव हुन सक्दछ । यो मेरो आफ्नै अनुभवको आधारमा लेखेको हुँ ।

अब जाऔं बुद्धधर्ममा युवावर्गको दायित्व के हुनुपर्छ तिर । सुरुदेखि नै बुद्धको शिक्षा बहुजन हिताय र सेवामूलक रहिआएको छ । यो कुरा बुद्धत्व प्राप्तिपछि सर्वप्रथम सारनाथमा प्रथम सन्देश धर्मचक्र प्रवर्तन गर्नुहुँदा गौतम बुद्धले भन्नुभएको हो । अत: युवावर्ग सेवामूलक भई बुद्धधर्मको प्रचार-प्रसारमा अग्रसर हुनुपरेको छ र गुणात्मक भई रचनात्मक काम गरेर अगाडि जानुपरेको छ । उदाहरणको लागि केही युवावर्गलाई यहाँ प्रस्तुत गर्न चाहन्छु । काठमाडौंको धर्मकीर्ति अध्ययन गोष्ठीको युवावर्ग रचनात्मक गतिविधिमा र जिल्ला जिल्लामा धर्मप्रचारमा संलग्न छन् । अनाथालयमा रहेका असहायहरुलाई केही वस्त्र र खाना वितरण, अस्पतालहरुमा वैशाख पूर्णिमाका दिन बिस्कुट र फलफूल वितरण तथा समय समयमा श्रमदान इत्यादि काम गर्छन् । त्यस्तै 'गणमहाविहारका बौद्ध परियत्ति युवा पुच:', 'काठमाडौं युवा बौद्ध समूह' भोजपुर, चैनपुर, पाल्पा, तानसेनसम्म गई बुद्धधर्म प्रचारमा संलग्न भइरहेको विशेष उल्लेखनीय छ तथा 'भक्तपुर युवा पुच:', 'थिमी युवावर्ग', 'ललितपुर युवावर्ग' हरुको कार्य पनि उल्लेखनीय छ । अहिले आएर तानसेन 'बौद्ध युवासंघ' र धरान 'बौद्ध युवासाथी' पनि रचनात्मक कार्यमा संलगन भइरहेको उत्साहवर्द्धक समाचार छ । पोखराका युवा बौद्ध वर्ग पनि रचनात्मक बौद्ध गतिविधिमा अग्रसर भइरहेको समाचार छ । यो गौरव र हौसला बढ्ने कुरो हो ।

अब ललितपुर युवावर्गको आदर्शयुक्त र अनुकरणीय कामलाई प्रस्तुत गर्न चाहन्छु ।

एकजना शाक्य युवकले श्रेष्ठ जातिको महिलासग विवाह गरे । केही वर्षपछि त्यो शाक्य युवकको मृत्यु भयो । बेजातिसँग विवाह गरेको भनी शाक्य परिवारले उसको मृत्यु संस्कार गर्न तयार भएन । निकै लामो गन्थन भयो रे । अनि स्थानीय युवा बौद्धवर्गले अघि सरेर उसको मृत्यु संस्कार गरिदिए । स्मरणीय छ, त्यही टोलबाट बुद्धपूर्णिमामा ( बुद्धजयन्ती) उत्सव अति उत्कृष्ट र भव्य रुपमा मनाए तर एक शाक्य युवकले बेजाति महिलासँग विवाह गरे भनेर मृत शरीरलाई बहिष्कार गर्ने गरे के उनीहरु बौद्ध हुन् त ? त्यो त बौद्धको नाममा आडम्बर मात्र भयो । जातिभेद हिन्दूधर्मको दाइजो र संस्कारको कोसेली हो ।

म युवा बौद्ध वर्गलाई अनुरोध र सुझाव दिन चाहन्छु । बौद्ध युवावर्गले हिन्दू संस्कार, थिति-रीति र दशैं आदि चाडपर्व पनि बहिष्कार गर्न सक्नुपर्छ । गएको दशैंलाई गुरुङ, मगर र थारुवर्गले बहिष्कार गरेको समाचार छ । यो बडो साहसिलो र उत्साहवर्द्धक अभियान हो । आमाबाबु दिवंगत हुँदाखेरी बर्खी बस्ने चलन पनि हिन्दू संस्कार हो, बुद्धधर्ममा यस्तो कुनै चलन छैन । अरु कुनै बौद्ध देशमा पनि यस्तो चलन छैन ।

ललितपुरका युवावर्गले यसरी सेवामूलक भई रचनात्मक काम गरे जस्तै गर्न सके धर्ममा युवावर्गको दायित्व बोध हुनेछ ।

युवावर्गमा मेरो एउटा निवेदन छ कि जनसंख्या-तथ्यांक लिन आउने बेला बौद्धहरुलाई पनि हिन्दू लेखिदिन्छ । यस कुरालाई युवावर्गले गम्भीरतापूर्वक लिनुपर्छ ।

*साभार : बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचयबाट*

❖❖❖

# फ्रान्सका एक बौद्ध विद्वान युजीन बर्नफ

✍ रत्नसुन्दर शाक्य



ऐतिहासिक शाक्यमुनि बुद्धको शान्ति सन्देश एसिया महादेशमा सदियौंदेखि प्रचार प्रसार भए तापनि पश्चिमी मुलुक वा युरोपमा यसको प्रचारप्रसार १९ औं शताब्दीको सुरुदेखि मात्र अनेकौं विद्वानहरूको प्रयासबाट सुरु भएको देखिन्छ ।

ती विद्वानहरूमध्ये एक प्रमुख हुनुहुन्छ - फ्रान्सका युजीन बर्नफ (Eugene Burnouf) । उहाँ युरोपमा बुद्ध धर्मको अध्ययन-अध्यापन सुरु गर्ने पहिलो व्यक्ति हुनाको कारण उहाँ 'Father of Buddhist Studies in Europe' को रुपमा पनि चिनिन्छ ।

उहाँको जन्म सन् १८०१ मा पेरिसमा भएको थियो । जीवनको सुरुदेखि नै पूर्वीय भाषा एवं साहित्यमा अभिरुचि (दिलचस्पी) राख्नुभएका उहाँले पनि यसै क्षेत्रमा विशेष रुपमा प्रगति गर्नुभयो । उहाँले माध्यमिक शिक्षापश्चात् College de France मा अध्ययन गर्नुभएको थियो, पछि उहाँ यहाँकै एक अध्यापक नियुक्त भए । त्यसबेलाका उहाँका शिष्यहरूमा फ्रेडरिक मैक्समूलर र आर.रौथ पनि थिए । मैक्समूलर पछि विश्वप्रसिद्ध संस्कृतज्ञ भए ।

युजीन बर्नफले सन् १८२६ सम्म युरोपमा अनभिज्ञ भइरहेको पाली भाषालाई सन् १८२७ मा जर्मन प्राच्यविद् मित्र क्रिश्चियन लास्सेन (Christian Lassen) सित मिली फ्रेन्च भाषामा 'पाली भाषा' सम्बन्धी एक विस्तृत निबन्ध प्रस्तुत गर्नुभएको थियो जसको शीर्षक थियो -'Essai Sur le Pali' । यस निबन्धको प्रस्तुतिबाट फ्रान्समा पालिभाषाको अध्ययनको सुरुवात भएको मानिन्छ ।

त्यसैताका बुद्धको जन्मस्थल रहेको देश नेपाल प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा अंग्रेजहरूको अधीन हुँदै आएको फलस्वरुप यहाँ एक ब्रिटिश जनरल रेजिडेन्टको रुपमा रहने प्रावधान हुनु स्वाभाविकै थियो । त्यही क्रममा प्राचीन भाषा एवं साहित्यमा दिलचस्पी भएका बी.एच. हडसन (Brian Houghton Hodgson 1800-1894) नामका एक अंग्रेज १९ औं शताब्दीको तेस्रो दशकको सुरु (सन् १८२०-२१) देखि पूरा दुई दशक नेपालमा प्राप्त विशेषत: संस्कृत बौद्ध

ग्रन्थहरू पर्याप्त रुपमा ब्रिटिश रेजिडेन्टको सहायक एवं ब्रिटिश रेजिडेन्ट समेत भएको फलस्वरुप उहाँबाट नेपालमा सङ्कलन गरी भारत एवं युरोपका प्रमुख पुस्तकालयहरूमा पुऱ्याइएको थियो ।

यसैक्रममा बी.एच.हड्सनले नेपालमा प्राप्त विशेषत: संस्कृत बौद्ध ग्रन्थहरूको एक भाग पेरिस विश्वविद्यालयको अतिरिक्त आफ्ना एक प्राच्यविद् मित्र युजीन बर्नफलाई पनि प्रदान गरेको थियो । सोही संस्कृत भाषाका महायानी बौद्ध ग्रन्थहरूको विस्तृत अध्ययन-मननपश्चात् युजीन बर्नफले सन् १८४४ मा एक यस्तो कृति लेखी प्रकाशित गर्नुभयो जुन कृतिबाट युरोपमा विशेषत: फ्रान्सका क्यौं विद्वानहरूलाई बुद्ध-धर्मको परिचयको साथै पालि र संस्कृत साहित्यको बारेमा पनि स्पष्ट जानकारी गराइदियो । सो कृतिको नाम हो - 'Introduction al' Histoire du Boudhisme Indien' ।

यस कृतिमा उहाँले दिव्यावदान, कारण्डव्यूह, वज्रशूची, प्रज्ञापारमिता, लंकावतारसूत्त आदि प्राचीन बौद्ध साहित्यका साथै अन्य प्रचलित बौद्ध साहित्यहरूको बारेमा पनि विस्तृत चर्चा गर्नुभएको थियो ।

युजीन बर्नफले यस कृति आफूलाई नेपालबाट हस्तलिखित बौद्ध ग्रन्थहरू संकलन गरी पठाइदिनुभएका आफ्ना मित्र बी.एच.हड्सनलाई नै समर्पण गरिएको थियो र उहाँलाई 'The True Founder of the study of Indian Buddhism' को रुपमा सम्बोधन शब्द उल्लेख गरिएको थियो ।

युजीन बर्नफले सन् १८५२ मा पनि एक यस्तो सुविख्यात कृति आफ्नो मातृभाषा फ्रेन्चमा अनुवाद गरी प्रकाशित गर्नुभएको थियो जुन कृति महायानी बौद्ध जगतमा अति नै सर्वोत्कृष्ट मानिन्छ, सो कृति हो 'सद्धर्म्म पुण्डरीक सूत्र' । मूल संस्कृतमा इशाको प्रथम शताब्दीतिर नै रचना गरिएको यस कृतिलाई युजीन बर्नफले फ्रान्सेली भाषामा 'Le Lotus de la bonne Loi' नामबाट प्रकाशित गर्नुभएको थियो ।

अफशोष ! युजीन बर्नफले यस ग्रन्थ प्रकाशित गर्नुभएको केही महिनापछि नै आफ्नो जीवन ५१ वर्षको अल्पआयुमै परित्याग गर्नुभयो ।

सन्दर्भ

१) विश्वय् बुद्ध-धर्म (भाग ४) - भिक्षु सुदर्शन
- चन्द्रवीर सिंह कंसाकार पुतलीसडक, काठमाडौं-२५१८
२) सद्धर्म्मपुण्डरीक सूत्र - एक परिचय - धर्मसुन्दर बज्राचार्य
- 'त्रि-बोधि' अङ्क ५ (वि.सं. २०६३)
३) The Western Contribution to Buddhism - William Peiris
- Motilal Banarasidas Jawahar Nagar Delhi-7, 1973

❖❖❖

# पूजा यायेगु त्वःते नु !

✍ चन्द्रबहादुर उलक

खला मखुला दाजु किजापुं ।
न्यङ दिसँ तता केहेंपुं ।
बुद्ध क्यंगु लाँपुइ न्हीपुं ।
बानेनु पासापुं । हँ हँ

लोभ लाल्सा त्वतेनु ।
शुद्धगु नुगः दय्केनु ।
काम, क्रोध मोह फुकं ।
खुशिं चुइके नु । हँ हँ

बुद्धया शरणे बानेनु ।
संघया शरणे च्वनेनु ।
बुद्ध धर्म संघया नामं ।
बानि भिंके नु । हँ हँ

बुद्धया उपदेश न्यने नु ।
ब्यवहारय् न्हीसँ छ्यलेनु ।
स्वँ, व किगलं पूजा यायेगु ।
संस्कार त्वतेनु । हँ हँ

धर्मया नामं क्वातु क्वायेगु ।
ज्याः नं न्हीसँ त्वतेनु ।
बुद्धया नामं भिंभिं यायेगु ।
मति त्वतेनु । हँ हँ

# असल र सत्चरित्रका नेता, विद्वान र व्यक्ति खोजौं

✍ विष्णुगोपाल कुसी

बहुमत जनताको हित हुने, बहुमत जनताको सुख खोज्ने र सो इच्छा पूरा गर्न मुक्तिको निम्ति लागिपर्ने गौतम बुद्ध बहुमत जनताका प्रतिनिधि व्यक्तित्व हुन् । काम र कुरामा फरक गर्नु हुन्न भनी व्यवहारिक शिक्षाको वाणी छर्ने उनी स्वच्छ मनका चेतनाका धनी थिए । असल मान्छे बन्न बोली र व्यवहारमा एकरुपता हुनुपर्छ, कर्तव्यपरायण हुनुपर्छ, कमी कमजोरी औंल्याउन या सुधार्न आलोचना र आत्मालोचना गर्नुपर्छ भन्ने मूल्य र मान्यताको जनचेतना दिने बुद्धको शिक्षा र विचार निश्छल, निष्कलङ्क र निर्दोषपूर्ण छ । बुद्धले आफ्नो शिक्षा र विचारलाई कहिल्यै आँखा चिम्लेर या अन्धानुकरण समर्थन गर भनेनन् । आफ्नो शिक्षा र विचारलाई बुझेरमात्र मनन गर्न आग्रह गर्नु र कमी कमजोरी भए अनुभवबाटै सुधारेर अघि बढ भन्नु बुद्धको अनुकरणीय पाइला हो । उनी दास प्रवृत्तिका विरोधी थिए । उनी आर्थिक समानताका पक्षपाति थिए । उनले आफ्ना विचार र शिक्षालाई लुम्बिनीमा मात्र केन्द्रित गरेनन्, आफ्नो देशमा मात्र छरेनन् । यस अर्थमा उनी अन्तर्राष्ट्रवादी, समानतावादी र हृदय विशाल र पवित्र मनका धनी हुन् । यही भएर बुद्धको शिक्षा र विचार विश्वभर फैलेको हो, विश्वका जनताले ग्रहण गरेका हुन् ।

नेपालीमा एउटा उखान छ- 'चरोको धोती हुँदैन, नकच्चरोको लाज हुँदैन ।' हरेक व्यक्तिको आफ्नो आस्था, इच्छा, प्रतिष्ठा र विश्वास हुन्छ । उनीहरूमा लाज र भय हुन्छ, हुनुपर्छ । इज्जत र प्रतिष्ठा तथा लाज र भयको कुनै वास्ता नगर्ने विद्वान, नेता या मन्त्री जनताका विश्वासपात्र बन्दैनन् । त्यस्ता नेता या मन्त्रीहरू धाक धम्की, दबाब, लोभ र झूटको खेती गरेर निर्वाचनमा जित्न सक्छन्, पैसाको खोलो बगाएर, उच्छृङ्खल र उत्ताउला व्यक्ति लगाएर बुथ कब्जा गर्नसक्छन् र बहुमत प्राप्त गर्नसक्छन् । बहुमत नै प्राप्त गरे पनि लोकमा बलियो भएको देखिए पनि सारमा उनीहरू ठीक छैनन्, सही काम गर्दैनन् या बहुमत जनताको हितमा काम गर्दैनन् । साँच्चै लाज र भय नभएका, इज्जत र प्रतिष्ठाको ख्याल नगर्ने व्यक्तिहरू आफूले जस्तोसुकै गल्ती, त्रुटीपूर्ण काम र कुरा गरे पनि सही ठान्छन्, भ्रमजाल फैलाएर, झूटको खेती गरेर जित्छन् र यही कुरा राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा प्रचार गरेर गर्वको कुरा गर्छन् । कुनै विद्वानले आफ्नो दर्शन थाँती राखेर कुनै नेता र मन्त्रीले सिद्धान्त र विचार बन्धकी राखेर काम कुरा गरे पनि लाज नमान्ने, जनताले केही भन्लान् भनेर कुनै चिन्ता नलिने व्यक्ति कसरी सत्चरित्रका पात्र बन्छन् ?

पदको दुरुपयोग गरी अवैध सम्पत्ति कुम्ल्याउने पतित, भ्रष्ट आचरणका भ्रष्टाचारी, घूस खाने कर्मचारी, तस्कर र कमिसनमा पल्कने कालाबजारी सामाजिक अपराधी हुन् । उनीहरू लाज नमानिकनै गलत काम गर्छन्, गलत काम गरे पनि जनताले भन्लान् भन्ने चासो राख्दैनन्, लाज नभएकै या लाजलाई मतलब नराखेकै कारण समाजमा छाडापनको विकास भएको हो, छाडा प्रवृत्तिले स्थान पाएको हो । उच्छृङ्खल, उत्तेजित र कामवासनाका धन्धाहरू खुलमखुला हुन थालेको हो, लाज नमानेरै 'फेशन शो' को नाउँमा अङ्ग प्रदर्शन हुन थालेको हो । 'फेशन शो' मा देशका विभिन्न जनजातिका भेषभूषा या पोशाकको प्रदर्शन गर्नुपर्ने हो । पोशाकमार्फत् विभिन्न जातजातिको परिचय

दिनुपर्ने हो । तर बिडम्बना । 'फेशन शो' को नाममा अश्लीलता प्रदर्शन गर्ने र महिलालाई व्यापारको वस्तु बनाउने गरिन्छ । यसले महिलामाथि यौनहिंसालाई उत्प्रेरणा दिने काम गर्छ । कुनै खुला समुद्री किनार, ताल-तलैया पोखरीमा पुरुष र महिला निर्वस्त्र नुहाउनु भनेको सामान्य दिनचर्या जस्तै भइसकेको छ- पश्चिमी मुलुकमा । यो सबै लाज र भय नहुँदाको परिणाम हो ।

हामीकहाँ लाज र भयको अनुभूति नभएका नेताहरू छन् । पद र पैसाको निम्ति पार्टीभित्र रडाको मच्चाउनु, पद पाए बस्ने र नपाए पार्टीमा नबस्ने चेतावनी दिनु र पद नै सबथोक या इज्जत सम्झेर राजनीति गर्नु यसको उदाहरण हो । पद र पैसाका निम्ति तँछाडमछाड र हङ्गामा मच्चाउने नेता र मन्त्रीहरू कसरी सच्चा हुनसक्छन् ? तिनीहरू कसरी देश र जनताप्रति समर्पित हुन्छन् ? नेता र मन्त्रीहरूले त देश र जनताको भलो हुने सिद्धान्त र विचारबारे बहस गर्नुपर्ने हो, पार्टीका नेता र मन्त्रीहरूले गरेको कमीकमजोरी औंल्याएर अघि बढ्नुपर्ने हो । सिद्धान्त र विचारको मतलब नराखी व्यक्तिगत र दलगत स्वार्थमा लाग्ने दल र दलका नेताहरू कसरी देश र जनताप्रति समर्पित हुन्छन् ? त्यस्तै नेताहरूको नेतृत्व गर्ने दलको हातमा सरकार परेकोले राजनीतिक सङ्कट देखिएको हो, देश अनिर्णयको बन्दी बनेको हो र देशले स्थिर सरकार र राजनीतिले स्थान नपाएको हो ।

बुद्धको वाणी, सन्देश, शिक्षा, विचार भरपर्दो, विश्वासिलो र व्यावहारिक छ । उनी नैतिकता र चरित्रबारे एकदम ख्याल राख्थे । उनी अनुशासनलाई जीवनको महत्वपूर्ण अङ्ग मान्थे । तर नेपालको राजनीतिमा योग्य, देशभक्त, चरित्रवान, इमानदार छ छैन नहेरिकनै पार्टीमा जो कोही भित्रिए पनि सम्मान गर्थे, स्वागत गर्थे । भ्रष्ट, पतित, आचरण बिग्रेका र देश र जनताको सेवामा कहिल्यै नलागेका व्यक्तिलाई पनि बुहारीझैं पार्टीमा भित्र्याइन्थ्यो । उनीहरूको स्वागत र अभिनन्दन हुन्थ्यो र पार्टीको माथिल्लो दर्जामा राख्थ्यो । व्यक्ति सही या गलत मतलब राख्दैनथ्यो । जो कोही भित्र्याएर पार्टी ठूलो भए पुग्थ्यो । त्यसो त पार्टीका केही इमानदार नेता, कार्यकर्ताले त्यस्ता व्यक्तिहरूको विरोध गर्थे, पार्टीलाई खबरदारी गर्थे । तर त्यस्तो कुरालाई नेतृत्व पक्षले वास्ता गर्दैनथ्यो । कहिलेकाहीं पार्टीको बैठक बहिष्कार गर्नु, पद त्यागको धम्की दिनु र पार्टीभित्रको विवाद चरमोत्कर्षमा पुग्नुको कारण यही हो । यतिबेला पार्टीमा पदको बहस होइन दार्चुलाको खलङ्गा बजार बाढीले कसरी बगायो ? महली सागर बाँध तथा तटबन्धको कारण स्थानीय गाउँ किन डुबानमा पऱ्यो ? पार्टीभित्र बहस गर्नुपर्ने हो । सत्य तथ्य कारण खोजेर निकासको उपाय सुल्झाउनुपर्ने हो । भारतले एकतर्फी रुपमा बनाएका बाँध तथा तटबन्धहरू भत्काउन पहल गर्नुपर्ने हो, सरकारको ध्यानाकर्षण गर्नुपर्ने हो । देश र जनताको यो चिन्ता र चासोबारे वास्ता नगरी पदको निम्ति पार्टीभित्र चर्काचर्की गर्नु कसरी सही हुन्छ ?

समाज विश्वासमा अडेको हुन्छ, हुनुपर्छ, विश्वासकै आधारमा समाज अघि बढ्छ । विश्वासकै कारण समाजमा सद्भाव र सहानुभूति कायम हुन्छ । यसले सहयोग गर्ने भावना विकास गराउँछ । यो कुरा राजनीतिमा पनि लागू हुन्छ । राजनीति देश र जनताको सेवा गर्नु हो भन्ने भावना जगाउनुपर्छ । जनतामा त्यो विश्वास दिलाउन सके जनता राजनीतिमा लाग्छन् । राजनीतिमा लागेर देश र जनताको सेवा हुन्छ भने कसैले टाउको दुखाउनुपर्ने होइन । तर यहाँ कति दलका नेताले राजनीतिलाई मागी खाने भाँडो बनाउँछन् । राजनीतिको नाउँमा झूटको खेती हुन्छ, आश्वासन बाँड्छ र विश्वासघात हुन्छ । राजनीतिप्रति जनतामा वितृष्णा बढ्नुको कारण यो पनि हो । राजनीति गरेर भ्रष्टाचार नियन्त्रण हुन्छ, कालोबजारी हुँदैन, विधिको शासन हुन्छ, जनताले न्याय, समानता र अधिकार पाउँछ भने त्यो ठिक्कै हो । राजनीतिमा लागेर कुनै व्यक्ति योग्य, देशभक्त, असल, इमानदार, समाजसेवी बन्छ भने त्यसको सम्मान गर्नैपर्छ । जनताको चाहना पनि त्यही हो । जनतालाई भोटबैङ्क बनाएर राजनीतिमा छलछाम हुन्छ भने यसको विरोध गर्नैपर्छ । तर पनि उनीहरू लाज र डरको कुनै धक मान्दैनन् । पद र पैसा भएपछि सिद्धान्त र विचारमात्रै होइन उनीहरू जातै बेच्छन् । पद पाएपछि देशलाई दुर्गति हुने सन्धि सम्झौता गर्न पछि पर्दैनन् । यस्ता सिद्धान्त र विचार बेचेर ठूला भएका नेता र मन्त्रीहरूलाई समयमै चिन्नुपर्छ । नेपाल आमाको काखभन्दा लाखको माया गर्ने लाज र भय नभएका नेता र मन्त्रीहरूलाई हामीले जनताको अगाडि उभ्याउनैपर्छ ।

हो, हाम्रा कति नेताहरू शुद्ध या पवित्र मनका छन् । उनीहरू कुरीति बदल्न चाहन्छन् । जनताको हृदय परिवर्तन गर्न चाहन्छन् । तर कति नेता र मन्त्रीहरूको

भावना र विचार शुद्ध भए पनि उनीहरू आफ्नो अडानमा बस्दैनन् या सिद्धान्त र विचारअनुसार राजनीति गर्दैनन् । यसको कारण दलगत स्वार्थबाहेक बाह्य सङ्गत पनि हो । त्यसकारण उनीहरू आफ्नो अडान छोड्छन्, बाह्य शक्तिको प्रभावले सिद्धान्त र विचार तोडमोड गर्छन् । यसले नेपाल र नेपाली जनतामा दूरगामी असर पार्छ । ठूला दलका नेताहरू विदेशी शक्तिको इसारामा चलिरहेको कुरा सेलाएको छैन । यसरी विदेशी शक्तिको सहयोग, साथ र संरक्षणमा रहेको दलले विस्तारवादको कसरी विरोध गर्न सक्छ ? त्यसैले नेता दाहाल नेपालको आन्तरिक मामिला मिलाउनु पऱ्यो भने स्वदेशी नेताहरूसँग बातचित गर्नुभन्दा विदेशी प्रभुकै शरणमा जान चाहन्छन् र विदेशी शक्तिसँग कुरा गर्न चाहन्छन् । विदेशी शक्तिको प्रभावमा नपरेका भए कुनै पनि नेताले देशको सङ्कट समाधानको उपाय विदेशी शक्ति ठान्दैन । विदेशी शक्तिलाई समाधानको उपाय देख्ने र स्वदेशी शक्तिलाई बेवास्ता गर्ने विचारले नेपाली नेतालाई आफ्नो देश र जनताको चिन्ता र डर होइन विदेशी शक्तिको हुँदो रहेछ भन्ने थाहा हुन्छ ।

हामीले अनुमान र विश्लेषण गरौं, जलस्रोतको धनी देशमा प्रत्येक दिन किन लोडसेडिङ्ग भयो ? संसारका कति देशमा बत्ती नपुगेको ठाउँ पनि होला । नेपालमा पनि देशभर बत्ती पुगेको छैन । खानेपानीको समस्या त्यही हो । कृषिप्रधान देशमा एउटा रसायनिक मलको कारखाना पनि स्थापना गर्न सकेको छैन । शिशुशाला र शिशु स्याहार केन्द्र बनाउन सकेको छैन । ज्येष्ठ नागरिकहरूलाई नि:शुल्क यातायात भाडा, नि:शुल्क उपचारको बन्दोबस्त गर्न सकेको छैन । संविधानसभा निर्वाचनको पाँच वर्ष बिते पनि नयाँ संविधान बनाउन सकेन, गणतन्त्र स्थापित गर्न सकिएन । वर्ष दिन बित्न नपाउँदै सरकारको नेतृत्व फेरिरहन्छ । यसको कारण सरकारको नेतृत्व गर्ने दलहरू जिम्मेवार नभएर हो, दलहरू देश र जनताप्रति समर्पित नभएर हो, दलहरू व्यक्तिगत र दलगत स्वार्थमा अल्झेर हो, विदेशीको इसारामा लागेर भएको हो ।

बुद्ध शिक्षाको मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो, या जनताको मुक्ति गर्नु हो । बहुमत जनताको मुक्ति नभएसम्म देशको मुहार फेरिनेछैन । जनताको मुक्तिको अर्थ उनीहरूको जीवन सुनिश्चित गर्नु हो, उनीहरूलाई पर्याप्त खान, लाउन र बासको व्यवस्था गर्नु हो । उनीहरूका सन्तानलाई उच्च शिक्षा अध्यन गर्ने अवसर दिएर भविष्य जीवन सुनिश्चित गर्नु हो । योग्यताअनुसार काम, कामअनुसार ज्याल दिनु हो । सारमा नाना, छाना र दानाको व्यवस्था गर्नु हो । नि:शुल्क तथा अनिवार्य शिक्षा र स्वास्थ्योपचारको व्यवस्था गर्नु हो । विश्वमा अशान्ति र तनाव बढ्नुको कारण धनी र गरिबबीचको आर्थिक असमानता हो । बुद्ध राजपरिवारमा जन्मेका, सुखी सम्पन्न परिवारमा जीवन बिताएकाले पूज्य बनेका होइनन्, उनको विचारलाई स्वीकारिएको हो । उनलाई देवतासरह पुकार्नुको कारण उनको विचार हो, उनको शिक्षा हो, उनको नि:स्वार्थ र इमानदारीपूर्वक जनतालाई सुसूचित पारेर असल चरित्रको नागरिक बनाउने अथक प्रयास हो । तर हाम्रा देशका आफूलाई प्रजातन्त्रवादी क्रान्तिकारी, गौरवशाली भनिने नेताहरू गरिबको आँसु पुछ्ने कुरा गर्छन्, आमूल परिवर्तनको शङ्खघोष गर्छन् । तर व्यवहारमा तिनै गरिब जनताको जीवनमा खेलवाड गर्छन् । तिनै नेताहरू अहङ्कार हुन्छन्, लोभलालचमा फस्छन्, संकुचित विचारबाट ग्रसित हुन्छन्'। यो आफ्नो चित्त र मन शुद्ध नहुनु हो । डर र लाजको अनुभूति नहुनु हो । विचार र सिद्धान्तभन्दा दल, सरकार र पद ठूलो ठान्नु हो । बुद्धको विचारमा यो प्रवृत्ति गलत छ ।

आज हामीले देखिरहेका छौं, सुनिरहेका छौं- आफ्नै छोरीलाई श्रीमती बनाउने बुबा छन् । आफ्ना सन्तानलाई पालनपोषण गर्न नसकेर जिउँदै खोलामा बगाएका अभिभावक छन् । बोक्सीको आरोपमा दिसा खुवाइएको छ, गाउँ-सहर घुमाइएको छ र बेइज्जत गर्न घरआँगनमा बाँध्दा सहन नसकेर आत्महत्या गरेका उदारहणहरू छन् । जातका कारण विवाह बन्धनमा बाँधिएका युवा युवतीहरू घरबाट मात्र होइन गाउँबाट निकालिएका छन् । दाइजोको कारण आफ्नै श्रीमतीको हत्या गरिएको छ, शारीरिक र मानसिक पीडा दिएर घरबाट निकालिएको छ, जिउँदै जलाइएको छ । आफ्नै छोरी र श्रीमती विदेशमा बेचिएका छन्, वेश्यालयमा पुऱ्याइएका छन् । रोजगारको नाउँमा मानिसलाई दास बनाइ किनबेच गरिएको छ । विचार गरौं, के यस्ता गतिविधि, क्रियाकलापहरू सद्दे बुद्धिका परिचय हुन् ? यसकारण आदश समाज स्थापना गर्न सद्बुद्धिका पात्रहरूको खाँचो छ, असल नागरिकहरूको खाँचो छ । बुद्धको विचार र शिक्षाको आवश्यकता छ ।

❖❖❖



# मौलिक संस्कृतिको उपज कुमारी पूजा

-ओम धौभडेल

विश्वमा नेपाल मौलिक संस्कृतिले धनी एक देश मानिन्छ । यहाँ एकातिर मठमन्दिर, देवालय, शिवालय, बहाबही, चैत्य, ढुङ्गेधारा, पाटीपौवा, डबली, पोखरी जस्ता सांस्कृतिक सम्पदाहरू छन् भने अर्कोतिर कुमारी, नवदुर्गा, लाखे, भूपात्र जस्ता जीवन्त संस्कृति पनि छन् । यसमा नेपाललाई विश्वसामु चिनाउने एउटा माध्यम यहाँकी जीवित देवी भनिने कुमारी संस्कृति महत्त्वपूर्ण छ । यहाँ 'कु' ले लोभ, लालच, छलकपटजस्ता कुतत्व र 'मारी' ले त्यसलाई मार गर्ने अविवाहित कन्या अर्थात् स्त्री बुझाउँछ । रजस्वला नभएकी कन्यालाई कुमारी मानी पूजाआजा गर्दा आफ्नो मनोकामना पुरा हुने र सुमेरुपर्वत प्रदान गर्दाको फल प्राप्त हुने विश्वास छ ।

नेपालमा कुमारीपुजाको चलन कसले कहिले चलाएको हो भन्ने भरपर्दो आधार नभेटिए पनि पुराण एवं शास्त्रकै आधार मान्ने हो भने सृष्टिकालमै महादेवले कन्यापुजा गरेको उल्लेख छ । नेपालका शासकहरूमा लिच्छवीराजा बृषदेवले सर्वप्रथम इष्टदेवीको पूजा गरेकोबाट नेपालमा कुमारीपूजाको श्रेय उनैलाई दिइन्छ । त्यसो त बृषदेवले मानेकी इष्टदेवी बृषदेवी नामले प्रख्यात छिन् । अर्का लिच्छवीराजामा मानदेवले मनमानेश्वरीलाई ईष्टदेवी मानी पूजाआजा गरिआएका बखत पनि जीवित कन्यालाई पूजा गर्ने चलन रहेको बुझिन्छ । लिच्छवी राजा आनन्ददेवले भक्तपुरलाई नेपाल मण्डलकै राजधानी बनाई राज्य गर्नुअगावै यहाँ वाने लायकु, बलंपुली (ब्रह्मपुर) लायकुजस्ता राजकुलहरूमा समेत कुमारीको पुजा हुने आएको मानिन्छ । जसमा 'नेपाल राजवंशावली' मा समेत ठाउँठाउँमा उल्लेख भएको बान्दिमगवल्लको वाने लायकु हालको तचपाल क्षेत्रमा यद्यापि देख्न सकिन्छ । यहाँ मानेश्वरीदेवीको पूजाआजा हुने र कुमारीको समेत पूजा हुँदै आएको देखिन्छ । अद्यापि यस ठाउँमा राजभण्डारी थरकी कुमारीको पूजा हुने चलन रहेको छ । त्यस्तै भक्तपुरको नासमना टोलस्थित बलपुली लायकुमा पक्वान थरकी कुमारीको पुजा हुन्छ । आनन्ददेवले स्थापना गरेको त्रिपुर दरबारसहितको लायकुमा समेत माक थरकी कुमारीको पुजा हुने अनुसन्धानबाट देखिन आउँछ । अझ यहाँ माक अर्थात् ज्यापु जातकी कुमारी राजकीय कुमारी रहेको अवस्थामा यो थप अध्ययन अनुसन्धानको विषय बन्न पुगेको छ । त्यसबाहेक भक्तपुर लायकु समीप रहेको बिलाछें लायकु जुन हाडा बिजुक्छेहरूको आगम हो, यहाँ हाडा थरकी कुमारीलाई पूजा गर्ने परम्पराबाट नेपालमा राजकीय स्तरबाट मात्र नभई आमग प्रथामा समेत कुमारी राख्ने चलन रहेको बुझिन्छ ।

यता ने.स. ४४४ मा सिम्रोन गढबाट ल्याएकी तुलजा भवानीलाई भक्तपुरमा प्रवेश गराई हालको लायकुमा स्थापना गरिसकेपछि मल्लराजाहरूले तुलजा भवानीलाई आफ्नी इष्टदेवी मान्ने परम्परा कायम हुने पुग्यो । त्यसपछि उनै मल्ल राजाहरूले विगतकी कुमारीको परम्परामा रोचक एवं धार्मिक सहिष्णुता कायम गर्ने क्रममा शाक्य बज्राचार्य थरकी कुमारी राख्ने चलन अगाडि ल्याए । त्यसमा ने.सं. ६११ को एउटा घटना महत्त्वपूर्ण छ । ने.स. ६०२ मा यक्ष मल्लको मृत्युपछि जेठा राय मल्ल त्रिपुरको गद्दीमा बसेका अवस्थामा माहिला रत्न मल्ल अझ महत्त्वाकाङ्क्षी भई कान्तिपुर राज्य दखल गर्न पुगेको इतिहास साक्षी छ । उनै

रत्न मल्लले त्रिपुरमा समेत आफ्नो अधिकार भएको प्रत्याभूति दिलाउन ने.स. ६११ मा भक्तपुरकी तलेजु भवानी त्रिपुर दरबारमा प्रत्यक्ष संलग्न रहने गरी कान्तिपुरको तक्षेबहालमा जीवचन्द्र बज्राचार्यलाई भक्तपुर पठाई दरबारसँगै चतुर्ब्रम्ह महाविहारमात्र बनाउन लगाएनन्, बरु शाक्य बज्राचार्य थरकी कुमारीको व्यवस्था गरी अन्य समय क्वाठण्डौस्थित प्रसन्नशील महाविहारमा रहने र विजयादशमीको अवधिभर उनै चतुर्ब्रम्ह महाविहारमा रहने व्यवस्था भयो । यता ने.सं. ६३३ तिर भक्तपुरको अर्का राजा सुवर्ण मल्लले लामो समयदेखि बन्द भइ आएको भक्तपुरको प्रसिद्ध नवदुर्गा नाच पुनः सञ्चालनमा ल्याएपछि यहाँ नवदुर्गा भवानी तलेजुभवानी र कुमारीबीच त्रिपक्षीय सांस्कृतिक सम्बन्ध विकास भयो । यसले गर्दा वर्तमान लायकुसँग कुमारीको सम्बन्ध प्रगाढ बन्न पुग्यो ।लायकुसँगै सम्बन्ध रहने गरी एकमात्र राजकीय कुमारी रहने ठाउँमा नवदुर्गाका नौदेवीहरूसँग सम्बन्धित नौ विभिन्न कुमारीहरूको समेत पूजा गर्ने परम्परा आयो । यसलाई गुमुलकुमारी वा गणकुमारी भनिन थाल्यो । परम्परादेखि पुजिदै आएका वाने लायकु कुमारी, चनिगल कुमारी, बलपुली कुमारी, हाडा आगमकी कुमारी, गणकुमारी, एकान्तकुमारी (मूलकुमारी) गरी १४ कुमारीहरूको पूजा गर्ने परम्परा रह्यो । यसमा मूलकुमारी र गणकुमारी शाक्य बज्राचार्य थरकी हुनुपर्ने प्रावधान छ भने अन्य



देवी कुमारीको चित्र

कुमारीहरूको हकमा वाने लायकुकी कुमारी राजभण्डारी थरकी, बलपुलीकी कुमारी पक्वान थरकी, हाडा आगमकी कुमारी हाडा थरकी, चनिगलकी कुमारी माक थरकी हुनै पर्दछ । यसबाट कुमारी भन्ना साथ बौद्धमार्गी अर्थात् शाक्य बज्राचार्य थरकै मात्र हुने भन्ने हाम्रो मानसिकता अपरिपक्व रहेको प्रष्ट हुन्छ भक्तपुरबाहेक काठमाडौं लायकु कुमारी, चाबही कुमारी शाक्य कुलकै हुने देखिए तापनि पनि बटुकुमारी, क्वाबहाकुमारी बज्राचार्य कुलकी हुनुपर्ने परम्परा छ । यता चोखाछें गल्ली कुमारी ब्राह्मणकुलकी हुने गर्दछिन् भने तानावहा र किलाग कुमारी ज्यापुजातकी हुने गर्दछिन् । त्यस्तै पाटनमा बुगंकुमारी र गाबहाकुमारी शाक्यकुलकी हुने गर्छिन् भने एक अर्की कुमारी ब्राह्मणकुलकी हुने गर्छिन् । तसर्थ यहाँ तलेजु वा तत्कालिन दरबारसँग सम्बन्ध रहेका कुमारीहरू शाक्य कुलमा हुने भए तापनि अन्य कुमारीहरूको पनि अस्तित्व रहेको पुष्टि हुन्छ । विशेषगरी तत्कालिन शासकहरूले मान्ने इष्टदेवी फरक भएझै कुमारी पनि थरिथरिको जातका हुने गरेकोमा कुनै द्विविधा छैन । त्यसमा पनि नेवार समाजमा आगमको व्यवस्था भएका प्रायः साना ठूला सबैको आ-आफ्नो जातकै कुमारीको व्यवस्था गरिएको हुन्छ ।

चौधौं शताब्दीतिर यहाँ तन्त्रको व्यापक प्रभाव परेको अवस्था तान्त्रिक मतकै आधारमा आगम निगमको परिपाटीसँगै कुमारीपूजाले अझ व्यापकता पाउन थाल्यो । हरेक जातजातिका कन्या कुमारीका रुपमा पुजिन थाले । हाम्रो धर्मशास्त्र अथवा तन्त्र कतै पनि कुमारीको लागि जातिको व्यवस्था गरेको पाईंदैन । अर्थात् कुमारीपूजामा जातिभेद पूर्ण बर्जित छ । बरु हाम्रो धर्मशास्त्रमा त चतुर्वर्णको कन्यापूजा गरेमा फरक फरक फल प्राप्त हुने मान्यता छ । ब्राम्हण कन्या पुजिएमा मनोरथसिद्धि प्राप्त हुने मान्यता छ भने क्षेत्री कन्या पुजिएमा यश प्राप्त हुने तर्क छ । यता वैश्य कन्या धनका लागि पुजिन्छन् भने सन्तानप्राप्तिको कामनार्थ शुद्रकन्याको पूजा गर्नुपर्ने उल्लेख छ ।



काठमाडौं बसन्तपुरस्थित कुमारी घर

जयस्थिति मल्लले चार वर्णमा समाजलाई बाँध्नुअगावै हामीकहाँ आ-आफ्नो वर्णानुसार कुमारीपूजा गर्ने चलन भइसकेको देखिन आउँछ । यसैलाई आधार मानी सम्पूर्ण हिन्दु धर्मालम्बीहरूले प्रत्येक वर्ष आश्विन शुदी नवमीका दिन ऋतुमती नभएका स-साना सम्पूर्ण कन्याहरूलाई कुमारी मानी भव्य पूजा गर्ने चलन छ । उक्त दिन आ-आफ्ना मातृका देवीगणहरूलाई पूजा गरिसकेपछि पशुबलि दिई कुलदेवी (ईष्टदेवी) को समेत पूजा गरिन्छ । त्यसपछि ऋतुमति नभएका कन्याहरूलाई निधारभरि रातो टीका लगाई घरपरिवारका सम्पूर्ण सदस्यहरूले पालैपालो पूजा गरी आर्शिवादी प्राप्त गर्छन् । यसबाट थरियरिका फल प्राप्त हुने विश्वास छ । भक्तपुरमा रहेका १४ विभिन्न मठहरूमा समेत उक्त दिन कुमारीको भव्य पूजाआजा गर्ने परम्परा अत्यन्त महत्वपूर्ण छ । 'मन्त्रमहोदधि' नामक ग्रन्थका अनुसार जन्मेको पहिलो वर्ष छोडी दुई देखि १० वर्षसम्मका कुमारीहरूको नाम अनि तिनीहरूको पूजाबाट प्राप्त हुने फलसमेत विविध देखिन्छ । जस्तो: २ बर्षकी कुमारी, ३ वर्षकी त्रिमुर्ति, ४ बर्षकी कल्याणी, ५ वर्षकी रोहिणी, ६ वर्षकी कालिका ७ बर्षकी शाम्भवी, ८ बर्षकी दुर्गा, ९ बर्षकी चण्डिका र १० बर्षकी सुभद्रा कुमारीका नामहरू हुन् । त्यस्तै 'रुद्रयामलतन्त्र' मा जन्मेको बर्षदेखि सोह्र बर्षसम्म फरक नामअनुसार कुमारीको पूजा उल्लेख छ । धर्म र संस्कृतिले जे जस्तो उल्लेख गरे पनि बर्तमान विश्वमा छोरा र छोरीबीच भेदभाव गर्ने ताजा दृश्यहरू हाम्रै आँखा अगाडि प्रष्ट देखिइरहँदा आजभन्दा सयौं वर्षअगाडि हाम्रा पुर्खाहरूले छोरीलाई जीवित देवी मानी पूजा गर्न जुन परिपाटी बसाले, त्यसलाई अत्यन्त दुरदर्शी सोचको उपज मान्न सकिन्छ ।

❖❖❖

# नेपालमा तीन बुद्ध जन्मिएको पुरातात्विक प्रमाण र यात्रा विवरणहरु

✍ जुनु बासुकला रञ्जितकार
(बौद्ध अध्ययन र कलाका अध्यापिका)

वर्तमान नेपालको पश्चिम तराई क्षेत्रमा तीनजना बुद्धहरू जन्मिएका थिए । ती बुद्धहरू र तिनीहरू जन्मिएका स्थान हुन् - शाक्यमुनि बुद्ध (लुम्बिनी), ऋकुच्छन्द बुद्ध (गोटिहवा) र कनकमुनि बुद्ध (निग्लिहवा) । ईशापूर्व ५६३ मा लुम्बिनीमा सम्यक् सम्बुद्ध शाक्यमुनि बुद्धको जन्म भएको थियो । उनी आफैंले ज्ञान प्राप्त गरेर सम्यक् सम्बुद्ध भएका थिए । उनले आफूलाई प्राप्त ज्ञान आफ्ना अनुयायीहरूमा पनि प्रवाहित गरेका थिए । उनी नेपाल भूमिको पश्चिमी तराई क्षेत्रमा पर्ने लुम्बिनीमा जन्मेको कुरा ईशापूर्व तेस्रो शताब्दीका मगध राज्यको राजधानी पाटलीपुत्र (हाल पटना) का सम्राट् अशोकले गाडेर छोडेको स्तम्भले जनाउँदछ । लुम्बिनीमा रहेको स्तम्भमा कुँदिएको अभिलेखले बुद्ध जन्मेको स्थान, जहाँ सम्राट् अशोकले राज्याभिषेक गरेको बीस वर्षपछि बुद्धको जन्मस्थान दर्शन गर्न आइपुगेको उल्लेख हुनुबाट नेपाल बुद्धको जन्मभूमि भएको प्रमाणित भएको हो ।

बौद्ध ग्रन्थ अनुसार ऋकुच्छन्द बुद्ध चौबीसौं बुद्ध मध्ये बाइसौं बुद्ध थिए । बौद्धहरू शाक्यमुनि बुद्ध भन्दा पहिला ऋकुच्छन्दले बुद्धत्व प्राप्त गरेकोमा विश्वास गर्दछन् । उनको जीवनीबारे 'दीघनिकाय' को 'महादान सूत्र' मा उल्लेख छ । बौद्ध ग्रन्थ अनुसार ऋकुच्छन्द बुद्ध 'प्रत्येक बुद्ध' थिए । 'प्रत्येक बुद्ध' ले ज्ञान प्राप्त गरे पनि सम्यक् सम्बुद्धले जस्तो अरूलाई ज्ञान दिने गरेका थिएनन् । त्यसैले उनी बुद्ध भएको आमजनमानसलाई थाहै भएन । उनले बुद्धत्व प्राप्त गरेको स्थान गोटिहवा हो । जहाँ ईशापूर्व तेस्रो शताब्दीमा मगध राज्यका सम्राट् अशोकले ऋकुच्छन्द बुद्धको जन्मस्थलमा तीर्थाटन गरेका थिए । उनले ऋकुच्छन्द बुद्धको जन्मस्थानमा स्तम्भ गाडेर अभिलेख समेत कुँदाएका थिए । उनले ऋकुच्छन्द बुद्धको स्तूपको आकार ठूलो पनि बनाए ।

बौद्ध ग्रन्थ अनुसार चौबीस जना बुद्ध मध्ये तेइसौं बुद्धका रूपमा कनकमुनि बुद्धको जन्म भएको थियो । शाक्यमुनि बुद्ध भन्दा पहिले कनकमुनि बुद्धको जन्म भएको विश्वास गरिन्छ । कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवा हो । त्यस स्थानमा इशापूर्व तेस्रो शताब्दीमा सम्राट् अशोकले आफ्नो राज्याभिषेकको चौधौं वर्षमा कनकमुनि बुद्धको स्तूपलाई दोब्बर आकार बनाएको र बीसौं वर्षमा तीर्थाटन गरेर स्तम्भ गाडेको ब्राम्ही लिपि सिंहसहितको स्तम्भमा कुँदिएको छ । उक्त स्तम्भ अभिलेखबाट सो ठाउँ कनकमुनि बुद्धको जन्मस्थल भएको पुष्टि हुन्छ ।

यी तीन बुद्धबारे पाँचौं शताब्दीमा फा-हियान र सातौं शताब्दीमा नेपाल र भारतको यात्रा गरेका चिनियाँ यात्रीहरूले पनि आफ्ना यात्रा विवरणमा उल्लेख गरेका छन् । पाँचौं शताब्दीमा चीनका बौद्ध यात्री फा-हियानले लुम्बिनीको वर्णन गरेको पाइन्छ । उनको यात्रा विवरणमा त्यसबेला कपिलवस्तु उजाड भैसकेको, कुनै सरकार नभएको, केही भिक्षु र दश परिवार मात्र रहेको उल्लेख छ । कपिलबस्तुमा राजा शुद्धोदनको दरबार, बुद्धकी जननी मायादेवीले सपना देखेको दृश्य भएको (राजकुमारको प्रतीकका रूपमा सेतो हात्ती मायादेवी गर्भमा प्रवेश गरेको), सिद्धार्थले दरबार त्याग गरेको स्थान, बिरामी मान्छे देखेको स्थान, कन्थक घोडा फर्केको स्थानहरूमा स्तूपहरू देखेको उल्लेख छ । असित ऋषिले सिद्धार्थको भविष्यवाणी गरेको स्थान, नन्द र अरूले हात्तीको सूँडलाई तीस ली. जति



लुम्बिनीस्थित अशोक स्तम्भ

जमिनमुनि गाडेको, त्यहाँबाट पानी निस्केको र पछिल्लो पुस्ता र यात्रीहरूले पानी पिउनका लागि प्रयोग गरेको स्थान, बुद्ध कपिलवस्तु फर्केको बेला राजा शुद्धोदनलाई भेटेको स्थानमा स्तूपहरू त्यसबेलासम्म रहेको उल्लेख छ । बालक सिद्धार्थ ६ महीनामा रूखमुनि ध्यान बसेको स्थान, लुम्बिनीमा मायादेवीले रूखको हाँगा समाएको स्थान, बुद्धले सात पाइला टेकेको, नागराजाहरूले स्नान गराएको स्थान, इनारको पानी भिक्षुहरूले खाने गरेको स्थान देखेको पनि त्यसमा उल्लेख गरिएको छ ।

अर्का चीनियाँ बौद्ध यात्री युवान च्वाङ्ग सातौं शताब्दीमा लुम्बिनी पुगेका थिए । उनको यात्रा विवरणअनुसार कपिलवस्तु चार हजार ली. घेरा भएको, शहर उजाड भएको, शहर भग्न अवस्थामा भएको, शहर चौध-पन्ध्र ली घेरा भएको, भवनहरू ईंटले बनेको, भवनको गारो बलियो र अग्लो भएको, मानिस कम मात्र भएको र खेतहरू बाँझो भएको उल्लेख छ । त्यहाँ एक हजार भन्दा बढी संघारामहरूका अवशेष भएको, तीसवटा संघाराममा समितिय स्कूल भएको उल्लेख छ । राजा शुद्धोदनको दरबार, असित ऋषिले भविष्यवाणी गरेको स्थानमा स्तूप आदि देखेको पनि उल्लेख छ । लुम्बिनीमा मायादेवीले नुहाएको पोखरी देखेको, पोखरीको पानी भिक्षुहरूले अद्यापि प्रयोग गर्ने गरेको पनि त्यसमा उल्लेख छ ।

फा-हियानको यात्रा विवरणमा श्रावस्तीबाट १२ योजन (९६ माइल) दक्षिण पूर्वमा न-पि-क शहरमा ऋकुच्छन्द बुद्धको जन्मस्थलमा स्तूपहरू रहेको उल्लेख छ । उनले ऋकुच्छन्द बुद्धको जन्मस्थान र उनले आफ्नो बुबासँग भेटेको स्थानको स्तूपलाई देखेका थिए । युवान च्वाङ्ग ( ह्वेङ्साङ) को यात्रा विवरणमा श्रावस्तीबाट ५० ली. दक्षिणमा एक पुरानो शहरमा स्तूप छ, जहाँ भद्रकल्पमा ऋकुच्छन्द बुद्धको जन्म भएको थियो । शहरको दक्षिणतिर एक स्तूप छ, जहाँ ऋकुच्छन्द बुद्ध भैसकेपछि उनको बुबाले भेटेको स्थान हो । शहरको दक्षिण पूर्वमा बुद्धको अस्थिधातु भएको स्तूप छ । त्यहाँ तीस फीट उचाई भएको एक ढुङ्गाको स्तूपमाथि सिंहको आकृति छ । जुन स्तम्भ सम्राट् अशोकले खडा गरेका थिए । यी दुइ यात्रीहरूका विवरणमा ऋकुच्छन्द बुद्धको जन्मस्थलबारे जानकारी दिइएको पाइन्छ ।

फाहियानको यात्रा विवरणमा गोटिहवाबाट एक योजन उत्तरतिर रहेको शहरमा कनकमुनि बुद्धको जन्मस्थल हो, जहाँ स्तूप बनाइएको छ । युवान च्वाङ्गका अनुसार गोटिहवाबाट उत्तर-पूर्वतिरको शहरमा स्तूप रहेको छ । यहाँ भद्रकल्पमा कनकमुनि बुद्ध जन्मेका थिए । शहरको उत्तर-पश्चिममा केही पर स्तूप छ, जहाँ कनकमुनि बुद्धले आफ्ना बुबालाई भेटेको स्थान हो । शहरको उत्तरतिर अशोक स्तम्भको अगाडि अस्थिधातु भएको स्तूप छ । अशोकस्तम्भ बीस फीट छ, जहाँ कनकमुनि बुद्धको महापरिनिर्वाण भएको थियो भन्ने उल्लेख छ ।

यस्ता पुरातात्विक प्रमाण र यात्रा विवरणहरूले नेपालमा तीनजना बुद्धहरू जन्मिएका थिए भन्ने प्रमाणित गर्दछ । जसलाई संसारभरीकै बौद्ध अध्ययन गर्नेहरूले ठोस आधारका रूपमा अगाडि सार्न सक्छन् ।

❖❖❖

# कनक चैत्य विहार प्रमाणित काँक्रेविहारमा बुद्ध मूर्ति निषेध किन ?

✍ तेजरत्न शाक्य

नेपाल राष्ट्रिय समृद्धिको मेरुदण्डको रुपमा रहेको अविरल स्रोत पञ्च भएको पुरातात्त्विक महत्त्वको देश हो । यहाँ प्राकृतिक, भौगोलिक विविधता हुनुको साथै नेपाल विश्व शान्तिका मार्गदर्शक शाक्यमुनि गौतम बुद्ध जन्मेको देश पनि हो ।

सिद्धार्थ गौतम कपिलवस्तु राज्यका राजकुमार थिए । विश्वमा एकमात्र धार्मिक सहिष्णुता एवं धार्मिक आस्थाका अद्वितीय पहिचान बनेको कुमारी पूजिन नेपालको संस्कृति आफैमा एक विशेषता हो । विश्वव्यापी हाँकको रुपमा रहेका यौन विकृतिजन्य एड्स महामारी र महिला तस्करीको अपराध कर्म संस्कारविरुद्धको प्रतिकार एवं नेपाली नारीको अस्मिता सुरक्षित सभ्यताको परिचय दिने कुमारी स्थापना पद्धतिलाई विश्वमाझ प्रशंसा गरिएको पाइन्छ । नेपालमा रहेको विश्वको सर्वोच्च सगरमाथा पनि अद्वितीय पहिचान बनेको छ ।

यसको साथै बहुजन हिताय एवं शिवत्व (कल्याणकारी) अठोटजस्तो अरुलाई लाग्नसक्ने विष घुटुघुटु पिएर घाँटीमै नीलकण्ठ विष रहेको डाहालाई सहेर सबैको लागि शान्ति एवं शीतल रुपमा प्रस्तुत भएका महेश्वर पशुपतिको प्रात:कालीन आराधाना पनि विश्वको पर्यटकहरूको लागि आकर्षण भएको छ । यस प्रकारको विश्व पर्यटन सामर्थ्यमा धनी नेपाल राष्ट्रले पर्यटन उद्योगलाई बढावा दिन नेपाल अधिराज्यमा यत्रतत्र छरिएका राष्ट्रियस्तरका अमूल्य सम्पदा संस्कृतिलाई बेलैमा महत्त्व बोध गरेर जगेर्ना गर्नु आवश्यक छ ।

भारत र चीनबीच अत्युच्च हिमश्रृङ्खला समाहित जम्वुद्वीपको मूल पुण्यभूमियुक्त सुन्दर, शान्त र पवित्र भूमि नेपाल राष्ट्र हो । यो नेपाल राष्ट्रको केन्द्रवर्ती राजधानीलाई चारैतर्फ उच्च पर्वत श्रेणीले रमणीय हुने गरी वनजङ्गलसहितको श्रृङ्खलाले घेरिएको काठमाडौं उपत्यकामा शोभायुक्त ज्योतिरुप स्वयम्भू महाचैत्य अवस्थित छ ।

यसको महिमा अपार हुनुका साथै अद्वितीय पनि छ । स्वयम्भू धर्मधातु वागीश्वर महाचैत्यको दर्शन शौभाग्य अनमोल र दुर्लभ छ । सो स्वयम्भू दर्शन गर्न भनी यहाँ शिखि, विश्वभू, ककुच्छन्द, कनकमुनि, काश्यप तथा शाक्यमुनि गौतमसमेत ७ जना मानव बुद्धहरू आ-आफ्नो धार्मिक कार्यमा तत्कालीन सुन्दर उपत्यकामा सन्दर्भ यात्राको सङ्घर्ष पारेर स्वयम्भू महाचैत्यको दर्शन गरिसकेपछि निर्वाण प्राप्त गर्नुभएको बताइन्छ । यसले अद्यापि स्वयम्भू महाचैत्य एकातिर आध्यात्मिक आस्थाको धरोहर हुनुको साथै विश्व मानव सभ्यता र संस्कृतिको स्रोतको रुपमा कालिदहको माध्यमबाट अभ्युदय हुन पुगेको जीवित आस्थामा नेपाल मण्डलमा बुद्धधर्म सङ्घको एकीकृत र महान दिव्य प्रतीकको रुपमा युग युगदेखि नै साक्षीको रुपमा प्रतिष्ठित रहेको पाइयो ।

यो स्वयम्भू विश्वमान चित्रमा प्रशिद्ध तीर्थस्थलको रुपमा रही आएको छ । यसरी नै यस उपत्यकाका तीनै नगरहरूमा पाँच सय सङ्ख्यामा मौजुदा रहेका बौद्ध विहारहरूमा स्थापित चैत्यहरू बुद्ध बोधिसत्वहरूका देवस्थल र विहार गुम्बाहरूसमेतको उद्गम स्थल छ । यसको सरोकार

रहेको श्रावन महायान र बज्रयानको एउटा त्रिवेणीस्वरुप प्रतिबिम्बित छ । तापनि बौद्ध र हिन्दु धर्मालम्बीहरूका लागि धार्मिक सहिष्णुताको महान आस्थाले जीवन्तता राखेको छ । साँच्चै नेपालका सम्पूर्ण बौद्ध विहार, गुम्बा र सबै ठाउँमा छरिएर रहेका प्रस्थापित चैत्यहरूको विकास स्वयम्भू चैत्यको उत्प्रेरणा हो ।

स्वयम्भू महाचैत्य पञ्च बुद्धात्मक स्वयम्भू धर्म धातु वागीश्वर महाचैत्यको क्रमपछि क्रमश: धातु चैत्य, परिभोग चैत्य, शारीरिक चैत्य र उद्देश्य चैत्य गरी विभिन्न उद्देश्यले स्थापना गर्ने स्थिति बन्देजको पनि नेपालको बौद्ध इतिहास परम्परामा आफ्नै किसिमको अद्वितीय महत्त्व छ । यहाँ चैत्यको अर्थमा स्वयम्भू पुराणमा उल्लेख भएअनुसार शाक्यमुनिबाट स्वयम्भूको दर्शन गर्नुहुँदा गर्नुभएको एक स्तुति प्रस्तुत छ, "बन्देअह तत्त्व रुप निराकार निरञ्जन गगन बदनिशंचित्त चैतन्य चैत्य' अर्थात् बिहानको शान्त शुद्ध प्रभास्वरले सर्वकालं सुप्रभाव प्रभात भनेझैं जागृत आस्थाको शुद्ध चित्तको चैतन्य स्वरुपको बिम्ब नै चैत्य हो । जगत हितार्थ दानशिलादि दशपारमिता चर्यामा प्रतिबद्ध, गुरु बुद्ध बोधिसत्वहरूका निर्वाणपश्चात् अग्नी संस्कार गरी बाँकी रेहको अस्थिधातु राखी विधिवत प्रतिष्ठा गरिएको एउटा नमुना नमोबुद्ध (नमरा चैत्य) लाई पवित्र आस्थासहित पूजिन्छ । यसरी नै अस्थिधातुसहितको शारीरिक चैत्य काठमाडौं उपत्यकाको अतिरिक्त नेपाल अधिराज्यभित्रको लुम्बिनी अञ्चलअन्तर्गत निग्लीहवामा एउटा शारीरिक चैत्य रहेको जानकारीमा छ । उक्त चैत्यलाई इतिहासकारहरूका अनुसार स्वयम्भू महाचैत्य दर्शनार्थ उपत्यकामा आउनुभएका सप्तमानव बुद्धहरूमा पञ्चम् बुद्ध कनकमुनि भएको प्रमाण छ । सोही तथ्य भारतका सम्राट अशोकको राज्याभिषेकको चौध वर्षपश्चात् बुद्धकनक मुनिको धुर (स्तम्भ) लाई पहिलेको भन्दा २ भाग गुणा मोटाइ डाइमिटरमा (गोलाइ आकारमा) मा जीर्णोद्धार गरी ठड्याइएको थियो भनी ब्राम्हिन लिपिमा अङ्कित भएको अशोककालीन स्तम्भमा पाइयो ।

त्यो समय थियो भारतबाट उत्तरको छुट्टै राष्ट्र कपिलवस्तुको लुम्बिनी निकटवर्ती लिच्छवीहरूको वैशाली र सोको नजिक पर्ने मल्ल एवं वृजि र कोलियहरूबीचको तनाव एवं राजनैतिक अस्थिर वातावरण अथवा जातीय कचिङ्गल रहँदाको अवस्थामा पनि त्यसबाट उत्तर हिमालय सन्निवर्ती स्वयम्भू दर्शनार्थ उपत्यकामा प्रवेश गर्ने कोलिय गणहरूले बुद्ध कनकमुनिको अस्थिधातु गर्भमा राखी प्रतिस्थापित कनक चैत्य मछिन्द्र बहाल जमल लोकेश्वर (जमबहाल) केलटोलमा रहेको उल्लेख छ । सो कनक चैत्य प्रतिष्ठापित स्थान भएर नै कनक चैत्य महाविहार सम्बोधन भएको हो ।

नेपाया बौद्ध सांस्कृतिक सम्पदा ग्रन्थ-लेखक .पं. स्व. हेमराज शाक्यले क.सं ५६ मा कनक चैत्य विहार -काँक्रे विहार भनी उल्लेख गरी राखेको पाइएको छ । जुन स्थान हालको सुर्खेत जिल्ला लाटीकोइली वडा नं. ८ भनी उल्लेख पाइएबाट सो स्थानको ऐतिहासिक एवं पुरातात्विक महत्त्व सम्भवत: १२/१३ औं शताब्दीमा नै कर्णाली प्रदेशका राजकुमार रिपु मल्लले स्थापना गरेका हुनसक्ने कनक चैत्य विहार अस्तित्वमा आइसकेको थियो । त्यसबेला सो ठाउँमा वन विकास संरचनामा आइसकेको निश्चय नै थिएन ।

सो ठाउँ कनक चैत्य विहार छलङ्ग बोध हुने किसिमले पहिचान गुमाइसकेको तर विशाल भूखण्ड खाली ठाउँमा वन विकास संरचनाको दृष्टिले, पैसा कमाउने उद्देश्यले सामुदायिक वनको चर्चा चलाइएकोले कनक चैत्य विहार-काँक्रे विहारको भग्नावशेष छँदा पनि बुद्ध मूर्ति राख्न नदिइएको छलकपट छरपस्ट भएको छ ।

बौद्धमार्गीहरूले सो ठाउँमा बुद्धको मूर्ति राख्न सकेमा पुरातात्विक संरक्षण हुने र त्यहाँको स्थान विशेष महत्त्वको उद्देश्यले मात्र सही प्रयास गरेको थियो । न कि सो ठाउँ उपभोगले वनबाट आयआर्जनको लागि हो ।

**सान्दर्भ स्रोत**

१) नेपाया बौद्ध सांस्कृतिक सम्पदा लेखक स्व. पं. हेमराज शाक्य

२) चैत्यया थगु आत्मकथा (सङ्क्षिप्त विवरण) "

३) २०७० साउन १७ गते अन्तरक्रिया-मुनिविहार, भक्तपुर

साभार : मजदुर दैनिक साउन २..., २०७०

❖❖❖

# प्राचीन काँक्रे बौद्ध विहारको संक्षिप्त इतिहास र सोही स्थानमा हाल बुद्धमूर्ति प्रतिस्थापन कार्यमा अवरोध

✍ डी. आर. शाक्य - "ऋषि"

विश्व मानचित्रमा नेपाल राष्ट्र सानो देखिएता पनि यहाँको भौगोलिक विविधता अर्थात् विभिन्न प्राकृतिक सम्पदाहरू एवं विभिन्न जातीय धर्मको संस्कृति र कला सम्पदाको आधारमा सम्बृद्ध भएको मान्न सक्छौं । नेपालको प्राचीन इतिहासमा युगौंदेखि शैव, वैष्णव, बौद्ध र अन्य समुदायबीच रहँदै आएको सद्भाव, समभाव र मैत्री भाव आजसम्म कायम नै भएको छ । पछिल्ला दिनमा अर्थात् भविष्यसम्म कायम नै हुनेछ ।

विशेषत: नेपालको इतिहासमा प्राचीन कला संस्कृति एवं सम्पदाहरू बौद्ध र शैव, वैष्णव (आजको हिन्दू) को मात्र देखिन आउँछ । यी दुई जाति धर्म सम्प्रदायको संस्कृति सम्प्रदायले विश्व मानचित्रमा नेपाल राष्ट्रको छुट्टै पहिचान गराउनमा महत्त्वपूर्ण काम भएको छ । त्यसमा पनि विशेषत नेपालको धर्तीमा शान्ति नायक महामानव बुद्धको जन्मस्थल र विश्वको सर्वोच्च शिखर नेपालमै अवस्थिति भएको कारणले नेपाल र नेपालीको गौरवमान प्रतिस्थापना पनि त्यत्तिकै बढेको छ ।

वास्तवमा नेपाल अधिराज्यमा मात्र बौद्ध कला, संस्कृति सम्पदाको रुपमा हेर्ने हो भने यहाँ त हजारौं चैत्य, सयौं भन्दा बढी निहार बही थुर गुम्बा आदि प्राचीन कला युक्त बौद्ध विहारहरू त्यत्तिकै देखिन आउँछ । त्यसमध्ये किराँतकालको प्रारम्भतिर उपत्यकाको साँखुको 'गुँ' बिहार' सर्व प्राचीन बिहारको रुपमा लिन सकिन्छ भने कति किरातकालीन विहार हराइरहेका छन् । कपिलवस्तुबाट नेपाल मण्डल वा उपत्यका प्रवेश भएका शाक्यहरूबाट उपत्यकामा विभिन्न बिहार, चैत्य निर्माण गरिएको थियो भने त्यसको झण्डै २०० वर्षपछि भारतको सम्राट अशोकले पनि विभिन्न घर, चैत्य, बिहारहरू निर्माण गरेको छ । त्यसमध्ये उपत्यका बाहिर बुद्ध जन्मभूमि लुम्बिनी र त्यस आसपासको ठाउँठाउँमा निग्लीहवा, पिपरहवामा पनि सम्राट अशोकले अशोकस्तम्भ गाडेर त्यसमा शाक्यमुनि बुद्ध र अन्य बुद्धहरू पनि नेपालको लुम्बिनीकै सेरोफेरो अर्थात् जम्बूदिपमै जन्मेको कुरा उल्लेख भएको छ । त्यसपछिको विभिन्न कालखण्डमा नेपाल अधिराज्यमा बुद्धको शिक्षाको प्रभावले आदिकल्याण मध्यकल्याण र अन्त्यसम्म कल्याण होस् भनेर विभिन्न व्यक्तिहरूले कलायुक्त विहार, चैत्य, गुम्बा, आदि निर्माण गरेर गएको देखिन्छ भने कति ठाउँमा त अहिलेसम्म पनि दत्त वा कीर्ति राखेर गएकोले नित्यकर्महरू सञ्चालन भइरहेको देखिन्छ ।

त्यसपछि उपत्यका बाहिर पनि उपत्यकाबाट बसाइँ सरेका व्यक्तिहरूबाट पनि नेपाल अधिराज्यको ठाउँ ठाउँमा छिटफुट रुपमा भए पनि प्राचीन बिहार चैत्यहरू निर्माण गरेर गएको देखिन आउँछ । तर नेपालका आदिवासी जनजाति मानिएका तामाङ, राई, शेर्पा, थारु आदि जातिहरूबाट पनि नेपाल अधिराज्यमा आफ्नै प्रकारको शैलीमा भए पनि नयाँ र प्राचीन बिहार चैत्य निर्माण गरिराखेको पनि देखिन आउँछ । त्यसमध्ये अब पश्चिम नेपाल कर्णाली प्रदेशतिरको इतिहास हेर्दा आज हामी धेरैजसो खस जाति (पर्वते) शुद्ध हिन्दु भनेर गर्व गरिरहेका जाति पनि कर्णाली प्रदेशको खस मल्ल जातिको इतिहासबाट बौद्ध भएको कुरा प्रमाणित हुन



सुर्खेतस्थित काँक्रेविहारको भग्नावशेष

आउँछ । यी नै जातिहरूबाट बुद्ध धर्म प्रचार यसरी भएको थियो ।

सुर्खेतको काँक्रेविहारको निर्माण : वास्तवमा बिहार भनेपछि त्यसको नामको प्रयोग बौद्ध धर्मअनुसार भएकोले काँक्रेबिहार बौद्धहरूको धार्मिक स्थल हो । आजभन्दा १२ औं शताब्दी अगाडि वा प्रारम्भतिर कर्णाली प्रदेशमा तिब्बतबाट एउटा बौद्ध व्यक्तित्व (अनुचक्त) नेपाल आगमन भएका थिए । भोटमा पाइएका बंशावलीमा गाम्भेप्रदेशका राजाको रुपमा नागराज उल्लेख भएको छ । नागराजले स्थापना गरेको राज्य भोटको पश्चिम भेग समेत गाभिएको थियो । नागराज पश्चिम नेपालको कर्णालीको सिञ्जालाई राजधानी बनाए र नयाँ राज्य खडा गर्ने पहिलो व्यक्ति पनि थिए । उहाँको प्रभाव पश्चिम कुमाउ, गढवालसम्म पनि परेको थियो । त्यसैले गढवालको अभिलेखमा 'भट्टारक नागराज मुनिको (कृति)' भनेर उल्लेख भएको छ । वास्तवमा उहाँमात्र एउटा बौद्ध नभएर उहाँको सबैजसो उत्तराधिकारीहरू चाप, चापिल्ला, क्राशिचल्ल, क्राचल, अशोक चल्ल आदि बुद्ध धर्मका परम अनुयायी वा उपासक थिए भन्ने कुरा सीही अभिलेखबाट स्पष्ट गरिएको छ ।

त्यसपछिका उहाँकै उत्तराधिकारी उहाँजस्तै नै कर्णाली प्रदेशको सुप्रसिद्ध एवं प्रभावशाली राजा क्राचल्लको नाम पनि अग्रस्थानमा आउँछ । उहाँबाट नै सुर्खेतको लाटीकोइलीमा भव्य कलायुक्त अनुपम शिखर शैलीका 'काँक्रेबिहार' निर्माण भएको थियो । त्यो बिहार भारतको बुद्धगया मन्दिरको हुबहु आकृतिको बिहार हो । यो बिहारको क्षेत्रमा विभिन्न भव्य वास्तुकलाले सजिएको देखिन्छ । राजा क्राचल आफूलाई 'परम सौगात बुद्धका परम उपासक' 'दानशील परायण' जस्ता गुणले युक्त भएको भनेर देखाइएको पनि थियो । उनको राज्यारोहण ई. १२०७ मा भएको देखिन्छ । उनले १६ वर्षसम्म मात्र राज्य सञ्चालन गरेका थिए । उनकै शासनकालदेखि नै स्पष्ट तिथिमितिसहितको इतिहास खुलेको पाइन्छ भने उनको पूर्वजहरू पनि बौद्ध धर्मकै पक्षपाति भएकोले उहाँको शासनकालसम्म आइपुग्दा कर्णाली प्रदेशको पूरा खस राज्य बुद्ध धर्मको किल्लाको रुपमा नै स्थापित भएको थियो ।

त्यसपछि अर्को खस राजा अशोक चल्लले राज्य गरे । उनी पनि आफ्नो पिता क्राचल जस्तै नै प्रतापी राजा थिए । उनले पनि आफूलाई 'अभिनव बोधिसत्वावतार' आफूलाई बोधिसत्वको नयाँ अवतारको रुप दिए । त्यसैकारण उनले पनि बोधिसत्वहरूको गुणलाई अनुसरण गर्दै सहनशीलता गुण धर्म फैलाउनमा ख्याति प्राप्त गरेका थिए भने फेरि आफूलाई 'प्रवरमाहायानयायीन' : हेवज्रचरणारविन्दमकरन्दमधुकर' 'माहायान राम्रो गुण भएका' हेवज्रका पाठक कमलका ठूला भ्रमरले शिरमा राखेझैं आफूले पनि त्यत्तिकै हेवज्रप्रति परम आस्था भक्ति दर्साएका थिए भने बुद्धले ज्ञान प्राप्त गरेको ठाउँ बुद्धगयामा केही भारदारहरू पठाएर बुद्ध प्रतिमा र बिहार बनाउन लगाई महाबोधिको पूजाको व्यवस्था समेत मिलाएका थिए । बुद्धको यस्तो संवेजनिय स्थानमा यसरी महान पुण्यमयी यश कीर्ति राखेर जानु अविस्मरणीय कार्य हो । कुशल कर्म हो ।

अशोकचल्ल पछिका कर्णाली प्रदेशका खस राजाहरू उत्तराधिकारीकै रुपमा अशोक चल्लका उत्तराधिकारी राजा जितारी मल्ल हुन आउँछ । उनकै आफ्नो शासनकालदेखि चल्ललाई हटाएर मल्ल राखेको पाइन्छ । उनले तीनपटकसम्म नेपाल उपत्यकामा आक्रमण गरेका थिए । पछि उनी त्यहाँबाट स्वयम्भू रातो मच्छेन्द्रनाथ

र बुंगमतिको पूजा दर्शन गरी फर्केको थियो गोपाल वंशावली उल्लेख छ ।

खस राज्य पतन : त्यसपछिका खस मल्ल राजाहरू रिपु मल्ल ('लघुरत्नत्रय' लोकनाथको ध्यान र मनोकामना शिद्धको लागि लेखिएको ग्रन्थ) ग्रन्थ रचना गरे । दुई वर्षमात्र राजा भए । त्यसपछि आदित्य मल्लसँगै क्रमश: आउँछ । पछिका खस राजाहरूमा राजा प्रताप मल्ल, राजा पुण्य मल्ल, राजा पृथ्वी मल्ल, त्यसपछिका अन्तिम खस राजा अभय मल्ल हुन् । नागराजदेखि सुरुवाट भएको कर्णाली प्रदेशको खस राजाहरूको राज्य सञ्चालन अभय मल्लको पालामा आएर टुंगिन पुग्छ । नागराजाका अन्तिम उत्तराधिकारीको रुपमा तथा सिन्जाका गद्दीमा बस्ने अन्तिम शक्तिशाली खस मल्ल राजा अभय मल्ल नै हुन आउँछ । उहाँको आफ्नो शासनकालमा वि.सं. १४५० देखि पश्चिम नेपालको कर्णाली प्रदेश अर्थात् शक्तिशाली सिन्जा साम्राज्य छिन्नभिन्न हुने काम प्रारम्भ हुन्छ । सत्ताको विखण्डन भएर स-साना राज्यहरूमा परिणत हुनजान्छ जसले गर्दा कर्णाली प्रदेशको राज्य धर्म बुद्ध धर्म पनि विखण्डन भयो । त्यसको परिणाम कर्णाली प्रद्धेश बाइशी राज्य र गण्डकी प्रदेश चौबिसे राज्यमा विभाजित हुनपुग्छ । तर बाइसी र चौबिसे राजाहरूले पूर्वका राजाहरूले जस्तै बुद्ध धमप्रति त्यति अभिरुचि देखाइएनन् जसले गर्दा कालान्तरमा बुद्ध धर्म हिमाली भेग र उपत्यकामा मात्र सीमित हुन गयो ।

स्वदेशी विदेशी अतिक्रमण प्राकृतिक प्रकोपबाट पछि उक्त ऐतिहासिक एवं प्राचीन बौद्ध काँक्रेबिहारको अवस्था भग्नावशेषको रुपमा परिणत हुन गयो । बुद्ध धर्मको मुल दर्शन अनित्य, दु:ख, अनात्यले पनि यही कुरा भन्छ । यो संसारमा कुनै पनि वस्तु वा जीव प्राणीहरू नित्य छैन । एकदिन सबै मृत्यु हुन्छ वा नष्ट भएर जान्छ यही दु:ख हो । तर यी सबै कुरा सबै वस्तु भनेजस्तो हुँदैन भने त्यस्तो लक्षण अनात्य हो । त्यसैकारण कर्णाली प्रदेशको खस राज्य र तयहाँको राज्य धर्म पनि बिलाएर गयो । अब हाम्रो सामु अवशेषमात्र बाँकी छ । त्यो कुरा आज इतिहास भएर बोलिरहेछ । काँक्रोबिहार बौद्धहरूको धार्मिकस्थल हो । त्यो ठाउँमा बौद्ध खस मल्ल राजाहरूले १२ औं शताब्दीमा बुद्धगयाको शीखर शैलीअनुरुप बनाएको बिहार हो । त्यहाँ बुद्धबाहेक अरु बौद्ध देवी देवताहरूमा तारा, लोकेश्वर (करुणामय) माहांकाल, चतुमाहाराज देवताहरू, लोकपाल देवताहरूमात्र पाइनछ । यो माहायानी अर्थात् बज्रायानी बिहार हो । यहाँ समय-समयमा अतिवादी हिन्दुहरूबाट हिन्दु देवी देवताहरू राख्न दुष्प्रयास गरेको पाइन्छ । भारतीय अतिवादीहरूबारे आर्शिवाद र बरदानबाट त्यो ठाउँमा मात्र होइन लुम्बिनी बुद्ध जन्मस्थलमा समेत दुस्त आँखा गादेको छ ।

हाल बुद्ध प्रतिस्थापन सुर्खेतको काँक्रोबिहारमा २५५७ औं बुद्ध जयन्तीकै पावन दिनमा राख्ने पवित्र कार्य भएको बेला केही दूषित मन भएका साम्प्रदायिक कलहका पात्रहरूले स्थानीय जिल्ला प्रहरीहरूलाई उस्काएर व्यापक प्रहरी दमन गर्न लगाइए । आखिर यी नै तत्वहरू सायद राजनीतिक पार्टीकै घेरामा छैन भनेर भन्न सक्दैन । बुद्धगयाको बौद्ध मन्दिरमा बम विस्फोट गने पनि यी नै मतियारहरू नै हुनसक्ने आशंका छ । बुद्ध विहार र बुद्ध जन्म भूमि थलोमा बुद्ध मूर्ति राख्न नपाइने कहाँको न्याय हो । आखिर बुद्ध जन्मकै नाममा भिरु मागेर शासन गर्ने व्यक्तिहरू लाज मर्दो छ । बुद्ध प्रतिस्थापनबाट वन समपदा पुरात्तवलाई के नराम्रो प्रभाव हुनछ र ? काँक्रोबिहार पुरातात्विक संरक्षण भएको ठाउँलाई एउटा बुद्ध बिहार भएको हिसाबले वा पर्यटकीय आकर्षण गराउने विचारले भए पनि त्यो ठाउँको महत्त्व झल्काउन बुद्ध मूर्ति प्रतिस्थापन गर्ने स्थानीय जनताको राम्रो चाहना भएकोले त्यो ठाउँमा बुद्ध मूर्ति राखेको हो तर त्यसलाई तुरुन्तै यी नै दूषित मन भएका तत्त्वहरूले बुद्ध मूर्तिलाई प्रहरी मनबाट निकालेर लगि त्यसलाई सेफ्टी ल्याङ्मा लदाइ राखियो । बुद्ध नेपाल राष्ट्रिय विभूति हो । बुद्ध विश्व शान्तिका नायक हो । बुद्धकै नाममा नेपालले विदेशी सहयोग पनि पाएको हो । यस्तो मानव माहामानवको अपमान भएको भनेको देशको नै अपमान हो । यसमा सही न्याय नपाएमा यी नै तत्वहरूको पापको घडा फुटेर बिन लादेनले जस्तै परिणति भोग्न नपरोस् र बेलैमा सही न्याय होस् ।

❖❖❖

# पूज्यत्वया कारण

थौं जि पिण्डाचारया लागी गामे वनाबले भिक्षाया समय मजूनि अकिं जि उदायी परिब्राजकयाथाय् वना । वम मेपिनाप गफ लरे यानाच्वन । जि अन वनेव वं भन्ते । धका स:ता जिगु स्वागत यात । जिं न्यना -छुखें जुया च्वन उदायी ?

उदायीं धाल - थ्व हे चर्चा जुयाच्वनकि सुया शिष्यपिसं थ: गुरुया अधिक सम्मान या: ? उगु खें छलपोलया नां नं वोगु जुल । जिं धयाकि छलपोलया शिष्यपिसं छलपोलया साब हे सम्मान या: ।

छं थ्व गये सीका ?

भन्ते, छन्हु छलपोलं उपदेश बियाच्वंबले शिष्य छम्हसित मुसु वल, अले मेम्ह शिष्य छम्हस्यां धाल, दाजु, मुसुतय् मते, सुमुक न्यं, जिमित नं न्यंकि, शास्तां उपदेश बिया बिज्याना च्वन । थुगु प्रकारं छलपोलं उपदेश बाखं कना बिज्याईबले सुं हे शिष्यं उखे थुखे नं मसो, घार्थे हे नि:शब्द जुया एकाग्रचित्तं छलपोलया हे गुण वर्णन यानाच्वनी । थकिं जिं सीका कि छलपोलया शिष्यपिसं छलपोलयात साब हे गौरव तथा सम्मान या : । थुकिं छलपोलया शिष्यपिसं छलपोलयाकें सीकेमा:गु सीका विद्वान विवेकी तथा संयमी ज्वीफु । छलपोलया आदरं याना अमिसं साब हे लाभ उथेयात ।

जि धया-उदायी, थुगु पूज्यताया कारण छं छु मती ल्वीका ?

उदायीं धाल-थ्वया जिं न्याता कारण ल्वीका । छगूगु आ ध्वकि छलपोलं आपा भोजन मया, निगूगु ध्वकि छलपोलं सदा साधारण वसतं पुना बिज्याइ, स्वंगूगु ध्वकि छलपोलं सदा साधारण भोजन याना च्वन, प्यंगूगु ध्वकि छलपोलं साधारण आसने चना बिज्या:, न्यागूगु ध्वकि छलपोलं एकान्ते च्वना बिज्या: ।

जि धया-उदायो, थुजोगु गुणं सुंहे मनू महान् ज्वी मखु । दंभीपिं थुगु खें साब हे बढे ज्वीफु । जिम्ह शिष्यपिं मध्ये आपा हे शिष्यपिं जिसिनं अधिक अल्पाहारो जू, जिसिनं मभींगु वसतं पुं, मभींगु तथा रुक्ष भोजन या:। सिमाक्वे, वें चं, गुफाय् याक:- चा च्वं, अपिं आलोचनाया लागी जक संघे वई । थ्व फुक खँय् जिम्ह शिष्यपिं जिसिनं आपा हे बढे जू अले थुगु खँया कारणं अमिसं जत: छाय् पूजा तथा सम्मान याई ?

थुगु कारणं सुं हे मनुष्य पूज्य तथा आदरणीय ज्वीमखु । तर संसारं थुजोगु हे कारणं मनूतयत पूज्य धका माने याना काइगु थुकिं संसारे दंभिपिनि संख्या बढे जुई तथा सच्चा साधु, सच्चा सेवक दुर्लभ जुयावनी । मनूतय्के थ्व अविवेक गुलि घटे जुई जगते सच्चा साधु उलि हे अधिक जुई ।

उदायी -भन्ते । यदि थुगु कारणं मनुष्य पूज्य जुई मखुसा तथा छलपोलं नं पूज्य मखुसा व छु कारण ख: गुकिं छलपोलं पूज्य जुल ।

जिं धया-उदायी, व कारण मेगु हे दु गुकि जिम्ह शिष्यपिसं जित:पूज्य भापिल । प्रथम कारण जा थ्व ख:कि जि शीलवान् अर्थात् संयमी ख:, थ:गु मनोनृत्तिया उपरे अंकुश तयाच्वना, विश्व हितया अनुकूल ज्या यानाच्वना, विश्वहितया नाश मयाना, निगूगु खँ थ्वकि गुगु उपदेश जिं बियाच्वना, अनुभवं हे बिया च्वना, उखें थुखें न्यना अनुभव मयाकं छुं के खँ मधया । स्वंगूगु खँ थ्वकि न्ह्यागु हे खँया जूसां परिणाम तथा भविष्यया ख्याल यानाच्वना, थुकिं जिगु खँया खण्डनयाय् मफयाच्वन । प्यंगूगु खँ थ्वकि जिं शिष्यपिनि उपरे व्यर्थ ज्ञानया बोफ मतया ।

जिं दु:खया स्वरुप, दु:खया कारण, दु:खया नाश तथा दु:ख नाशया लँ क्यना, आदर्श तथा सुखमय जीवन दयकेगुया लँ क्यना न्यागूगु खँ ध्वकि जिं अमिगु न्ह्योने थुजोगु कार्यक्रम तया कि अपिं साब हे सरलतां लँ बढे

जुयाच्वन, सुं अर्हत् जुल, सुं धात्थेंम्ह साधक जुल । थुगु हे न्यागू कारण ख: उदायी, गुकिं जिम्ह शिष्य शिष्यापिसं जित: पूज्य भालपा च्वंगु । नय् नीगु कारणं मखु । संयमी मनुष्ययात नय्-नीगुया पर्वाह दई मखु न व विलासी जुई, न उकिं तापाक बिसिवनी । व समभावी जुया भीं मभिं गुगु दत उकी संतुष्ट जुयाच्वनी । वयात प्रदर्शनया पर्वाह मदु । थ्व फुकं कारणं जिम्ह शिष्यपिसं जित: पूज्य धका भालपा च्वन । उदायीं जिगु खँया समर्थन यात ।

शाक्यसिंहया न्हि-सफू या रुपय् च्वया त:गु 'बुद्ध हृदय' (नुग: सफूतिं) या छगू शीर्षक

भाय् ह्यूम्ह-भिक्षु महानामकोविद् - च्वमि-स्वामी सत्यभक्त

❖❖❖

# भगवान बुद्धको अदृश्य धन

✍ न्हुछेकुमार लासिवा

म बुद्ध धर्मलाई मात्र मान्दिनँ । मेरो विचारमा धर्म भनेको धारण गर्ने माध्यम हो । त्यसभित्र ध्यान, ज्ञान, करुणा, बुद्धि विवेक, राम्रो व्यवहार र नरम बोलीवचन सबै थोक पाइन्छ । सम्झेर छैन यद्यपि हामीले सम्झिराख्नु जरुरी छ ।

हामीहरूले पाइला पाइलामा ध्यान पुऱ्याइरहनुपर्छ कि हाम्रो मनभित्र धेरै किसिमका नचाहिंदा कुराहरू खेलिरहन्छन् । त्यसैले धर्ममा भन्दा ज्ञानमा विशेष जोड दिन चाहन्छु ।

सबैभन्दा ठूलो कुरा ज्ञानका साथै विवेक र करुणा हुनुपर्छ । भगवान बुद्धलाई त्यसै भगवान भनेको होइन उहाँमा ज्ञानको अपार भण्डार भएको कारणले नै भगवान भनेका हुन् । साथै आफूसँग भएको ज्ञान मानवहरूलाई प्रदान गर्नुभयो ।

बुद्ध धर्म धारण गरेर मात्र पुग्दैन । आफूले धारण गरेको धर्मलाई आचरणमा बदल्न सक्नुपर्छ, साथै व्यवहारमा लागू गर्न सक्नुपर्छ । यी कुराहरू आफूलाई थाहा हुँदा हुँदै पनि व्यवहारमा लागू गर्न गाह्रो हुन्छ तर अल्छी नमानी विस्तारै प्रयत्न गर्दै जाँदा सफल अवश्य हुनेछ ।

मलाई सबैभन्दा घतलाग्दो बुद्ध वचन यो हो कि बुद्धले भन्नुभएको थियो- मैले भनेको भन्दैमा विश्वास नगर्नु । ठिक या बेठिक व्यवहारमा लागू गरेर हेर्नु । परिणाम राम्रो भएमा मात्र विश्वास गर्नु ।

देखावटी रुपमा बाहिर झलमल्ल बत्ती बाल्नु के मतलब ? वास्तवमा हामीले आफ्नो हृदयभित्र नै बत्ती बाल्न सक्नुपर्दछ । यसलाई भनिन्छ ज्ञानको बत्ती ।

अर्को कुरा ध्यान नगरी ज्ञान पाउन गाह्रो छ । ध्यान गर्न पनि जान्नुपर्छ । ध्यान कसरी, कहाँ र कुन बेला गर्ने भन्ने कुरा सिक्नुपर्दछ । नजानिकन ध्यान गर्नुहुँदैन । ध्यान र ज्ञान सँगसँगै लानुपर्दछ ।

विभिन्न किसिमको ध्यान हुन्छ । ध्यान गर्न जानेन भने समय मात्र खेर जान्छ । ध्यान गर्न जानियो भने मनले शान्ति र आनन्द प्राप्त गर्छ । ज्ञान लाभ गर्छ । यदि ध्यानमा बस्दा ध्यान आएन भने ध्यानमा नबस्नु नै जाति हुन्छ भन्ने लाग्छ ।

भगवान बुद्धसँग अत्याख धन छ । तर त्यो अदृश्य छ । त्यो अदृश्य धन एकदम सुरक्षित छ । कसैले चोर्न नसक्ने, ढुकुटी, बैङ्क अथवा कोठामा थुपारेर राख्नुपर्ने, बोकेर हिंड्न नपर्ने, जति वितरण गऱ्यो उति वृद्धि हुने धन भगवान बुद्धसँग छ । त्यस्तो अमूल्य धन पाउनको निमित्त बुद्ध धर्म संघमा गएर मात्र पाउन सकिन्छ । त्यो धन हो भगवान बुद्धको अमूल्य शिक्षा । भवतु सर्व मंगलं ।

❖❖❖



# मानव स्वभाव

✍ तुल्सीकाजी मानन्धर

सारा विश्व ब्रह्माण्ड प्रकृतिको देन हो । ब्रह्माण्डकै एउटा अंश हो -पृथ्वी । त्यसमा हिमाल, पहाड, तराई, वनजङ्गल, वनस्पति, पशुपक्षी, हावापानी, समुद्र सबै प्रकृतिबाट नै उत्पत्ति भएको - जसमा मानव पनि एक हो ।

मानिस सामाजिक प्राणी भए पनि एकजनाको स्वभाव अर्कोसँग समान हुँदैन । उनीहरू समूहमा मिलेर एकले अर्कोलाई सहयोग गरेर बस्छन् । विभिन्न भौगोलिक स्थितिअनुसार तिनीहरूको धर्म, कला, संस्कृति, परम्परा, भाषा, भेषभूषा, रहनसहन, खानपान, चालचलनहरू भिन्न भिन्न छन् । त्यसको आ-आफ्नो महत्त्व र विशेषताहरू रहेको हुन्छ । त्यसमा काला जाति, गोरा जाति, मंगोल जाति, आर्य जाति र अनार्य जाति आदि रुपरङ्गहरू भएका मानिसहरू पाइन्छन् ।

समग्र मानिसहरूलाई पुन: चार प्रकारमा विभाजन गर्न सकिन्छ । १) आफ्नो लागि मात्र काम गर्ने, अरुको लागि नगर्ने, २) आफ्नो लागि नगर्ने र अरुको लागि पनि नगर्ने, ३) आफ्नो लागि पनि गर्ने र अरुको लागि पनि गर्ने र ४) अरुको लागि मात्र गर्ने ।

१. आफ्नो लागि मात्र गर्ने व्यक्ति : आफूमात्र खाउँ, आफू मात्र लाउँ, आफूमात्र उन्नति र प्रगतिमा अगाडि बढ्ने व्यक्ति हो । आफ्नो प्रगतिमा अरुको हानी नोक्सानी भए पनि आफ्नो मात्र स्वार्थ हेर्ने हुन्छ । आफूलाई चाहेको बेलामा अरुको मद्दत लिने र अरुलाई मद्दत गर्नुपर्ने बेलामा सहयोग नगर्ने हुन्छ । अरुको प्रगति र उन्नति देखेर इर्ष्या गर्ने र खुट्टा टान्ने प्रवृत्ति, त्यस्तै काममा बाधा अड्चन ल्याइ काम बिगारी दिने गर्छ ।

२) आफ्नो लागि पनि नगर्ने र अरुको लागि पनि नगर्ने व्यक्ति : आफू पनि उन्नति र प्रगतिमा नलाग्ने र अरुलाई पनि लाग्न नदिने पतनतिर लाने खालका मानिसहरू पनि पाइन्छ । उसले गर्ने सङ्गत पनि असत्य पुरुषहरूमात्र गर्ने गर्छ । जाँड-रक्सी तथा लागूऔषध सेवन गर्ने, ठग्ने, चोरी गर्ने, व्यभिचार गर्ने, हिंसक प्रवृद्धि हुने, जुवाडे आदिमा लाग्छन् । आफू र अरुको भलो हुने काम र विचार गर्दैन । उनीहरू आफू पनि पतन हुन्छ र अरुलाई पनि पतनतिर लगिदिन्छ । यस्तो प्रकारको व्यक्ति समाजको लागि घातक सिद्ध हुन्छ ।

३) आफनो लागि पनि गर्ने र अरुको लागि पनि गर्ने व्यक्ति : आफू पनि उन्नति र प्रगतिको बाटोमा लाग्छ । त्यस्तै आफू प्रगति भएजस्तै अरुलाई पनि उन्नतिको बाटोमा दोहोऱ्याई दिने पनि समाजमा पाइन्छ । आफूले कडा मेहनत गरी परिश्रम गर्छ र समाजको लागि सहयोग गर्छ । अरुलाई पनि उन्नति प्रगतिको लागि प्रेरणा दिन्छ । आफू पनि नराम्रो कुलतमा फस्दैन र अरुलाई पनि फस्न दिँदैन । यस्ता व्यक्तिहरूले समाजको सेवा गर्छन् ।

४) अरुको लागि मात्र गर्ने व्यक्ति : आफूलाई कुनै पनि फाइदा नभए पनि अरुको मात्र हित र सुखको लागि सहयोग गर्ने व्यक्तिहरू पनि समाजमा पाइन्छन् । आफ्नो केही नोक्सान बेहोरेर भए पनि अरुलाई सहयोग गर्ने प्रवृत्तिका हुन्छन् । यसरी आफ्नो पर्वाह नगरी अरुको सेवा गर्नुमा नै खुसी हुनेहरू पनि छन् । जसलाई बौद्धहरूले 'बोधिचित्त' को रुपमा सराहना गर्छन् ।

त्यस्तै एकदिन गौतम बुद्धले गृहस्थीहरूलाई चार दम्पत्तीहरूको बारेमा बताउनुभएको थियो -१) शव दम्पत्ति २) शव-पतिक दम्पत्ति ३) शव-पत्नी दम्पत्ति र ४) जीवित दम्पत्ति -

१) शव दम्पत्ति : जुन पतिपत्नी दुवै दुराचारी, असंयमी, कलह प्रिय र अल्छिपना हुनछन् उनी शव-दम्पत्ति हो ।

२) शव पतिक : जसमा पति दुराचारी आदि हुन्छ । तर पत्नी सदाचारी शान्त कर्तव्य परायन (कर्मठ) हुन्छ ।

त्यसमा पति शव अथवा मूर्दारुप र पत्नी जीवित (देवी) छिन् भने शव पतिक दम्पत्ति हो ।

३) शव पत्नीका जसमा पत्नी दुराचारी आदि हुन्छे र पति सदाचारी हुन्छ भने ती शवपलिक दम्पत्ति हो ।

४) जीवित दम्पत्ति : जसमा दुवै सदाचारी, कर्तव्य परायण (कर्मठ) आदि छन् । ती जीवित दम्पत्ति अथवा दिव्य दम्पत्ति हो ।

यी चार दम्पत्तिहरूमा हामीले कुन दम्पत्ति हुन चाहन्छौं त ? पक्कै पनि जीवित-दम्पत्ति अथवा दिव्य-दम्पत्ति नै बुन्ने चाहना राख्नुहुन्छ होला । जुन आ-आफ्नो मेहनतले मात्र बन्न सकिन्छ र आफ्नो परिवारलाई स्वर्ग समान बनाउन सकिन्छ ।

अन्तमा मानव स्वभाव, जस्तोसुकै भए पनि प्रत्येक व्यक्तिहरूले आ-आफ्नो स्वभावको बारेमा जानकारी लिई, मानवताको महत्त्वलाई बुझी जीवनलाई सही सदुपयोग गर्न जान्नुपर्छ । आफूसँग भएका नराम्रा गुणहरूलाई त्याग गरी राम्रा गुणहरूलाई झन् राम्रो बनाई आफू र समाजको लागि केही गर्न सिकौं र गरौं । तबमात्र मानव भएर जन्मेको सार्थक हुन्छ । सबैको कल्याण होस् । भवतु मङ्गल ॥ अस्तु ॥

❖❖❖

# हारांम्ह राजकुमार

धर्मलक्ष्मी नापं गौतम व शाक्यमुनि निम्ह दाजुकिजा छें लिध्यनेवं बौम्ह धर्मवीरं न्यन - थौं छु बाखं न्यना वयाले ?

गौतम व शाक्यमुनि निम्हेस्यां पा:लकं धाल- थौं भन्ते छम्हस्यां जिमित हे ताके याना हारांम्ह राजकुमारयागु बाखं कना बिज्यात ।

बौमेस्यां न्यन गज्योम्ह हारांम्ह ले व राजकुमार ?

गौतमं भिक्षुं कंगु लुमंथे कनाहल । ध्व संसारे राजकुमारं निसें क्या साधारण छें छें च्वंपिं मचातेगु पुचले तक्क नं हारांपिं नं दु ज्ञानिपिं नं दु । ज्ञानिपिं सकस्यां यो । हारांपि सुयां मयो । हारांपिन्त योपिं नं दु तर इपिं भिंपिं धाय् मछिं । ज्ञानि जुइगु सकस्यां यो । ज्ञानि जूसा थ: मां बौ दाजु ततापिसं माने याइ । वना वनाथाय् न्ह्याइपुक च्वने दै । साक्क नय् दै । माने याके दै । थुलि धाय् धुंका भन्ते नं बाखं कना बिज्यात ।

भगवान् बुद्धया पाले राजकुमार छम्ह साब हारां जुया च्वन । जुजुंनिसें क्या लाय्कुली च्वंपिनि तक्कनं मिखाय् च्वंगु धूथें जुया च्वन । छन्हु गौतम बुद्ध लाय्कुली बिज्या:बले जुजुं वसपोलयाके प्रार्थना यात-

'भो भगवान । जित छुता पीर जुया च्वन । जि काय् छम्ह दु गुम्हकि लिपा जुजु जुइम्ह । व हारां जुया च्वन, धयागु खँ छुं मन्यं । अनुशासने मच्वं । थथे हारांम्ह, थ:गथे यल अथे सना जुइम्ह लिपा जुजु जुसां ताले लाई मखु । जनतां येकी मखु । व आपा जुजु जुइ खनी मखु । छु याय् गथे याय् धैथें पीर जुया न्ह्यो बौंलाक मवो ।'

भगवान् बुद्धं राजकुमार यात स:ता नापं बगैचाय् ब्वना यंका चिकिचा मागु नीममां (खाइसे च्वंगु सिमा) दुथाय् यंका व सिमाया ह:नका बिज्यात । खाइसे च्वंगु ह: नय् साथ राजकुमारं तँ पिकया व सिमाचा लिना वां छ्वोया बिल ।

अले भगवान् बुद्धं न्यना बिज्यात- ए राजकुमार । छाय् सिमाचा लिना वां छ्वोयागु ?

राजकुमारं धाल- भो भगवान् । अज्योगु खाइसे च्वंगु सिमा लाय्कूया क्यबै तै ते मज्यू । मेगु सिमाचा नापं खाइसे च्वनी । उकिं वां छ्वोइ बिया ।

अले भगवान् बुद्धं धयाबिज्यात- राजकुमार, व सिमायात छं लिना वां छ्वोया ब्यू थें छ नं हारां जुया च्वन धाय् वं जनतां देशं पितना वां छ्वोया बी । उकिं हारां जुया करपिन्त दु:ख बी मज्यू ।

थुलि खँ न्यना राजकुमारं भगवान बुद्धयात वन्दना याना धाल- छलपोलं जित त: धंगु भिं जुइगु ज्ञान बिया बिज्यात । जित न्ह्यलं चाय्का बिज्यात । जि ला होस हे मदु । राजअभिमानय् लाना थथे हारां जुइ लात । आवंनिसें ज्ञानि जुइगु जुल । अवलेनिसें जुजुं राजकुमारयात बांलाक माने यात । न्ह्यो नं वल ।

बौ मैस्यां धाल- गौतम । छं ला बांलाक हे बाखं न्यनाथें लुमंका कन । ध्व बाखनं छु थुइका कयाले ?

काय्मेस्यां धाल- ज्ञानी जुइमा धागु थका थुइका कया । जि नं मति तया ज्ञानी जुइ । अले मखुपिं पासापिं नाप नं जुइ मखुत ।

*साभार : बौद्ध नैतिक शिक्षा भाग दुई*

❖❖❖



# यथार्थ धर्म

✍ ज्ञानबहादुर मानन्धर

प्राय:जसो मानिसहरूले पूजा-पाठ, भक्तिभाव, भजन-किर्तन विभिन्न देवी देवताहरूको गर्ने गर्छन् । त्यस अन्तर्गत गरिने अनेक फलफूल, धूप, दक्षिणा, अन्न आदि जे जस्तो आफूसँग भएको वा आफूले भ्याएसम्मको व्यहोरी गर्ने भक्तिभाव नै धर्म मानिन्छ । यदि कुनै मानिस यतिमात्र गरेर जीवन मुक्त हुन्छन् भनी ठान्छन् भने दु:ख मुक्ति त साह्रै सरल उपाय भयो । बुद्ध धर्मअनुसार दु:ख मुक्तिको उपाय यसप्रकारको होइन अझ कसै कसैले त देवी देवताको नाउँमा मारकाट अर्थात् पशुबली दिनुलाई नै धर्म ठान्छन् । यदि देवी वा देवताहरू खुसी पार्ने नाउँमा मारकाट तथा पशुबली दिनेलाई धर्म मान्ने हो भने त्यो जति मूर्खता अरु हुनैसक्दैनन् ।

यथार्थ वा सही अर्थमा धर्मलाई बुझ्ने हो भने महामानव गौतम बुद्धको शिक्षलाई मनन गर्न सक्नुपर्छ । प्रत्येक मानिसले राग, द्वेष र मोहलाई विस्तारै हटाउँदै जान सक्नुपर्छ । शील, समाधि र प्रज्ञालाई आ-आफ्नो जीवनमा विस्तारै अभ्यास गर्दै जानुपर्छ । तब मात्र चतुरार्य सत्यलाई बुझ्दै जान सकिनेछ । हामीले आर्य अष्टागिक मार्ग (मध्यममार्ग) अनुसार जीविकोपार्जन गर्दै दु:खको मूल कारण तृष्णालाई पनि क्रमश: कम गर्दै जान सक्नुपर्छ । आफूलाई, समाजलाई, देशलाई र विश्वलाई हित र सुख हुने काम गर्नु नै सच्चा धर्म भनेर बुझ्नुपर्छ । जीवनको प्रत्येक घडीमा सबैले आ-आफ्नो व्यवहार स्वच्छ राखने प्रयास गर्नुपर्छ । प्रत्येक व्यक्तिले आफूभित्रको नराम्रो स्वभावलाई दमन गरी मानवीय गुणलाई व्यवहारमा उतार्दै जाने प्रयास गर्नुपर्छ । बुद्धले गरिबी निवारण गर्ने क्रममा भन्दा पनि दु:ख निवारण गर्ने क्रममा जोड दिनुभएको हामी पाउँछौं । धर्मको नाउँमा अरुलाई नठग्ने, नराम्रो काम नगर्ने, अरुलाई चित्त दुख्ने गरी कुरा नगर्ने, चुक्ली गरेर झै-झगडा नबढाउने, अरुको नचोर्ने, असत्य बचन नबोल्ने, व्यभिचार, सुरापान नगर्ने, काम नलाग्ने व्यर्थको कुरा नगर्ने, सत्य बचन बोल्ने, व्यक्तिगत स्वार्थ त्यागी अरुको सुख हुने कार्य गरिनुपर्छ । नकारात्मक विचारलाई छोडी सकारात्मक विचार ग्रहण गर्नुपर्छ । सबै प्राणीउपर मैत्रीभाव राख्न सक्नुपर्छ । आफूभन्दा सानोलाई माया गर्ने, आफूभन्दा ठूलोलाई सम्मान गर्ने, गुरु वर्ग, आमा-बुबालाई आदर गौरव गर्ने, ठूलो, सानो धनी, गरिबको भेदभाव नगर्ने प्रण लिनुपर्छ । यसरी हामीले अकुशल के हो कुशल के हो भन्ने कुरा थाहा पाइ राख्न सकेमात्र प्रगति गर्न सकिनेछ । अन्तमा बुद्धको उपदेशको निचोडमा रहेको एउटा धम्म पदको गाथा उदृत गर्दछु -

'सब्ब पापस्स अकरण कुसल्स उपसम्पदा सचित परियोदपनं एवं बुद्धानु सासन'

अर्थ-कुनै प्रकारको पाप कर्म नगर्नु, असल कार्यहरू गर्नु, आफ्नो चित्तलाई परिशुद्ध गर्नु यो नै बुद्धको सही शिक्षा (धर्म) हो ।

अन्तमा असल धर्मको प्रभावले असल मानिस वृद्धि हुन्छन् । यसबाट प्रत्येक घर, समाज, राष्ट्र र विश्व नै असल भएर आउँछन् । सम्पूर्ण मानिसहरूलाई सुख शान्ति प्राप्त हुन्छन् । यथार्थ धर्ममा चित्तलाई निर्मल गर्नु, मैलो भएको दूषित मनलाई सफा स्वच्छ निर्मल र शान्त पार्ने तर्फ अग्रसर होऔं । अत: प्रत्येक मानिसहरूले दया, माया, करुणा, मैत्री, उपेक्षा र अप्रमादी स्मृतिवान भएर आ-आफ्नो जीवनको व्यवहारमा अँगालिदै जान सकौं भन्ने कामना गर्दछु ।

# त्रैमासिक "अर्हत" को वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

ग्राहकहरूको नामावली

१) सुमन साख - बोलाछें
२) राकेश शाक्य - सुकुलढोका
३) प्रमोद मानन्धर - मुलढोका
४) केशव बासुकला - ब्यासी
५) योगेश्वर श्रेष्ठ - क्वाठण्डौ
६) शारदा उच्च मावि - यालाछें
७) प्रभात इङ्गलिस उमावि- ब्यासी
८) बासु उमावि - कालीघाट
९) गोपीकृष्ण प्रजापति - तुछिमला
१०) बालकृष्ण प्रजापति - सूर्यविनायक
११) पशुपति प्रजापति
१२) लक्ष्मीप्रसाद त्वानाबासु
१३) सिताराम श्रेष्ठ बोलाछें - ९८४१४३०५५४
१४) पृथ्वीकुमार प्रजापति - सूर्यविनायक ५०९२६४५
१५) तेजेश्वरबाबु ग्वंग - सूर्यविनायक
१६) हृदयचन्द्र वैद्य ५०९२६९७ - सूर्यविनायक
१७) पशुपति प्रजापति ५०९२५८८ - सूर्यविनायक
१८) ज्ञानसागर प्रजापति - सूर्यविनायक
१९) पुष्पराज शाक्य भुल्चा - सूर्यविनायक
२०) सुनिता न्हेमाफुकी ९८५११४० - सूर्यविनायक
२१) नवराज धौबञ्जार - सूर्यविनायक
२२) बलराम सिबञ्जार ९८५१०५०९०३-सूर्यविनायक
२३) श्याम धौभडेल - सूर्यविनायक
२४) पुष्प बनेपाली ६६१६३५४ सूर्यविनायक
२५) विजय शारदा मदीकर्मी - सुन्दरबस्ती
२६) मेथड कन्सल्ट ९८५१०६२६४० - सूर्यविनायक
२७) हरि साख: ६६१०१३८ सूर्यविनायक
२८) नरेश त्वाय्ना ९८४१२७२३१५ घट्खा
२९) कृष्ण त्वाय्ना - नासमना
३०) कृष्ण श्रेष्ठ सुकुलढोका
३१) कृष्णभक्त नकर्मी सूर्यविनायक
३२) न्हुछेरत्न खाइतु ९८५१०३०७८५
३३) लक्ष्मी मिठाई भण्डार ६६१११९८
३४) रामचन्द्र सिंबञ्जार - सूर्यविनायक
३५) जगन्नाथ प्रजापति - सुन्दरबस्ती ६६१४२८७
३६) युवक राजभण्डारी - सूर्यविनायक ६६१२०२०
३७) हरि अवाल सूर्यविनायक
३८) भक्तपुर हार्डवेयर सूर्यविनायक
३९) पुण्यराम भैल इच्छु ९८४१२५५३९८
४०) लक्ष्मीभक्त कवां - सूर्यविनायक
४१) शिव मानन्धर सूर्यविनायक - ६१०९४४
४२) सूर्यविनायक कोल्ड स्टोर - ६६१६६६६
४३) कृष्णबहादुर सुवाल - ९७४११५२४५५
४४) गंगाबहादुर सुवाल-कटुञ्जे
४५) तुल्सीभक्त श्रेष्ठ - सुकुलढोका
४६) नारायण कर्माचार्य - सुकुलढोका
४७) रामहरि श्रेष्ठ - सुकुलढोका
४८) सिताराम अवाल - तुछिमला
४९) रुशा प्रजापति - च्याम्हासिंह
५०) श्यामकृष्ण लवजु-वडा नं. ३
५१) विश्वनाथ प्रजापति वडा नं. १
५२) सिताराम कुम्पाख वडा नं. ५
५३) रामशरण खानीबञ्जार वडा नं. ३
५४) सुन्दर शाक्य वडा नं. ४
५५) श्याम शाही - भोलाछें
५६) छुमा गणेश बचत तथा ऋण सहकारी संस्था
५७) इश्वरीराज जोशी -तुछिमला
५८) रामकृष्ण अवाल तुछिमला
५९) तेकबहादुर अवाल तुछिमला
६०) केशबहादुर शाही भोलाछें
६१) ज्ञानसागर प्रजापति - तौलाछें ९८४१७५४५१०
६२) शिवप्रसाद प्रजापति -बोलाछें ९८४९१२८००९
६३) पूर्णबहादुर अवाल -तुछिमला
६४) सिद्धिराम अवाल - तुछिमला ६६१८०९६
६५) बुद्धिराम दुवाल - गोलमढी ६६१२५३१
६६) रामबहादुर प्रजापति
६७) केदार त्वानाबासु-टिवुक्छें ८

६८) कृष्णगोविन्द खाइजू वडा नं. ६
६९) कृष्णभक्त जोशी - जगाति
७०) विवेकमान कर्माचार्य तुलाछें ९८५१०३३२५२
७१) न्हुछेभक्त जोशी - जगाति ९७४१००४१६७
७२) गोबिन्दलाल धौभड़ेल - टौमढी ६६१०५५६
७३) लक्ष्मीभक्त चवाल -क्वाछें ९८०३०२४२८२
७४) विष्णु वैद्य - हनुमानघाट
७५) विष्णुभक्त मारिखु - सूर्यविनायक
७६) सिद्धिगणेश साकोस - चोर्चा
७७) तुल्सीबहादुर अवाल-महाकाली
७८) जगनाथ सुजखु-व्यासी ९८४१४९५२९१
७९) दिलबहादुर ब्याञ्जु - ब्यासी ९८४१८८४६६७
९०) जय श्री बाराही इलेक्ट्रिक सेन्टर - सुन्दरबस्ती
९१) विष्णुकुमार सुकुपायो - सूर्यविनायक ९८४१४३२६६१
९२) गोपाल श्रेष्ठ - कट्ञ्जे
९३) गणेशराम प्रजापति-मिलरोक मध्यपुर ९८४१२३१७७८
९४) तुल्सीभक्त अवाल - व्यासी
९५) विष्णुराम दुमरु - वडा नं. ६ चोर्चा
९६) रुद्रनारायण लाखा - वडा नं. ६ चोर्चा
९७) हरिनारायण लाखा - वडा नं. ६ चोर्चा
९८) भक्तलाल दुमरु - वडा नं. ६ चोर्चा
९९) कृष्णराम ख्याजु - वडा नं. ६ चोर्चा
१००) लक्ष्मीप्रसाद दुमरु - वडा नं. ६ चोर्चा
१०१) नारायणमान बनमाला चोर्चा
१०२) कृष्णगोविन्द लाखाजू - वडा नं. ६ चोर्चा
१०३) राजेन्द्र दुमरु - वडा नं. ६ चोर्चा
१०४) विकास शाक्य - वडा नं. ६ चोर्चा
१०५) सरिता वासी - गरुडकुण्ड वडा नं. १ ९८४१०४३२७१
१०६) श्रीप्रसाद अवाल - कमलविनायक ६६१६७२०
१०७) लक्ष्मीकेशरी प्रजापति - गरुडकुण्ड ६६१४२४३
१०८) विष्णु पनेरु - कमलविनायक- ९८४१५४०२८९/६६१४४६०
१०९) लक्ष्मीप्रसाद प्रजापति - गरुडकुण्ड ९८४१२७२४३०
११०) रविन खुसु - इताछें ९८४९८२५४०७
१११) शिवजी प्रजापति - गरुडकुण्ड ९८४१०२३९४५
११२) बाबुकाजी प्रजापति गरुडकुण्ड ९८४१५३७२९९
११३) रत्नप्रसाद प्रजापति गरुडकुण्ड ९८४१३९४०७४
११४) अर्जुन प्रजापति गरुडकुण्ड ९८४१८४९३३९
११५) न्हुछेकुमार अवाल तुछिमला
११६) काजीबहादुर अवाल तुछिमला
११७) कृष्ण अवाल तुछिमला
११८) कान्छा बासुकला वेकोचा
११९) रुपेश खोतेजा चोछे
१२०) पञ्चवीर सल्लाघारी
१२१) विष्णु प्रजापति सल्लाघारी ९८४१३३४६२७
१२२) प्रवीण शाक्य भोलाछें ६६१३६२६
१२३) तीर्थरत्न शाक्य-इनाचो ६६१३९८३
१२४) वसन्तराज शाक्य इनाचो
१२५) सप्तरत्न बज्राचार्य इनाचो ९८४१३३४९३१
१२६) प्रकाश शाक्य -इनाचो ९८५१०८९१२
१२७) पद्मसुन्दर शाक्य - इनाचो ६६१३९८१
१२८) आयु बज्र शाक्य इनाचो ९८४१२०५७३२
१२९) संखराज शाक्य इनाचो
१३०) दीपेन्द्र इनाचो ६६१२२६०
१३१) विश्व पद्म ज्यासः इनाचो ९८४१२०१९७८
१३२) धर्मराज बुद्धाचार्य - इनाचो ९८४११७७४७९
१३३) इन्द्रबहादुर इनाचो ९८४१९५०९६६
१३४) सुगतराज एण्ड सन्स - इनाचो ९८४१४८८०५७
१३५) रत्नसुन्दर शाक्य - इनाचो ९८४९४२६०९०
१३६) विनेश शाक्य ६६१३३९३
१३७) शारदा क्याम्पस - कमलविनायक ६६१४८८०
१३८) कृष्णगोपाल कुसी - तौलाछें ९८४१२८५६३७
१३९) पृथुचरण वैद्य -टिबुक्छें ६६१०८१२
१४०) पुष्परत्न शाक्य -भोलाछें ९८४१४०३७५५
१४१) लक्ष्मी अप्टिकल इताछें ६६१४३३१
१४२) रत्नायन ज्यासः - खौमा - ९८४१२४५४९७
१४३) गणेश ज्यासः पस : साकोठा ६६१०६०१
१४४) केशचन्द्र शाक्य - याछें ६६१७५८२
१४५) राधेश्याम दुमरु, वडा नं. ६
१४६) रमेश दुमरु, कमलविनायक
१४७) कृष्णनारायण दुमरु, कमलविनायक
१४८) हिरा ख्याजु, कमलविनायक
१४९) इन्द्रबहादुर मुस्याख्व, कमलविनायक
१५०) काशीनाथ त्वानाबासु, कमलविनायक
१५१) पुण्यराम लाखा, कमलविनायक
१५२) तुल्सी बनमाला, कमलविनायक
१५३) पुष्पराम दुमरु, कमलविनायक

Mohan Das Basukala
9851043968, 9803764451

बौद्ध दर्शन अध्ययन समाजद्वारा
प्रकाशित बौद्ध साहित्यिक पत्रिका "अर्हत" को निरन्तर
प्रकाशनको हार्दिक शुभकामना !



**Valley Sports House**

*Remember us For:* Sports goods, Medals, trophy & Sports Wear.

बौद्ध दर्शन अध्ययन समाजद्वारा
प्रकाशित बौद्ध साहित्यिक पत्रिका "अर्हत" को
निरन्तर प्रकाशनको शुभकामना !

राजेश ब्यान्जु
मो. नं. ९८५१०५६३३४

बौद्ध दर्शन अध्ययन समाजद्वारा
प्रकाशित बौद्ध साहित्यिक पत्रिका
"अर्हत" त्रैमासिक
निरन्तर प्रकाशनको निम्ति हार्दिक
शुभकामना व्यक्त गर्दछ ।

साथै गुणस्तरीय ईटाको लागि हामीलाई सम्झनुहोस् ।

ब्रम्हायणी देवी
फिक्स ईटा उद्योग
सुडाल-१, भक्तपुर